
# आध्यात्मिक सन्देश

जगद्‌गुरूत्तम दिवस विशेषाङ्क

म.क्षे.हु.नि.द.नं. ०७/०६७/६८

दर्ता नं. ५६-०६२/६३

वर्ष २०, (पूर्णाङ्क १८९) E-mail: shyamashyamdhamthimi@gmail.com / Website : www.divineclubworldwide.org २०८१



श्री राधे —

पढ़ने की हद ज्ञान है गोविंद राधे।
ज्ञान की हद है प्रेम, मन हरि में लगा दे॥

जगद्गुरु कृपालु



# सम्पादकीय

जगद्गुरु श्री कृपालु जी महाराज अनुगत सम्पुर्ण गुरु परिवार, साधक साधिका,भगवद् प्रेमानुरागी जनमा वर्तमान समयमा पर्न गएको एउटा ठुलो चुनौतीपूर्ण अवस्थाबाट गुज्रनु परेको बखतमा समयले पार्न गएको अर्को पाटोमा हाम्रो गुरुवरले आज भन्दा ठीक ६७ वर्ष पहिले इ सन् १९५७ को १४ जनवरी तारिख तद्नुसार वि.सं २०१३ को मकर संक्रान्तिको दिन काशी स्थित काशी विद्वत् परिषद्‌बाट जगद्गुरुत्तमको उपाधि प्राप्त गर्नुभएको दिव्य एवं सुखद पावनक्षणको स्मरण, चिन्तन र मनन गर्दै सो उत्सव मनाउने बेला आएको छ।

यस्तो बेलामा गुरु प्रदत्त ज्ञान तथा उहाँकै कृपाले अभिप्रेरित भएर यस घडीमा सर्वप्रथम हाम्री ममतामयी बडी दिदी, हाम्रा गुरुवरकी ज्येष्ठ सुपुत्री तथा जगद्गुरु कृपालु परिषद् (श्री कृपालु धाम) मनगढकी अध्यक्ष परमादरणीय ममतममयी सुश्री डा. विशाखा त्रिपाठी प्रति पूर्ण निष्ठा एवं भक्ति भाव युक्त श्रद्धा सुमन समर्पण गर्दै उहाँका सुकोमल पावन चरणको वन्दना गर्दछौं। यही मङ्सिर ९ गते, आइतबारका दिन श्रीवृन्दावन धामबाट दिल्ली जाने क्रममा भएको सडक दुर्घटनाको कारण बनाइ उहाँ आफ्नो गुरुधाम, गोलोक गमन गर्नुभयो। भौतिक रुपमा जहाँ भएपनि भाव रुपमा सदा हाम्रो साथमा (हृदयमा) रहनु हुनेछ, ममतामयी बडी दिदीको सदा जय होस्। यसै दुघटनामा परेर घाइते हुनु भएकी परमादरणीय मझली र छोटी दिदी लगायतका अन्य साधक सहयोगी जनको शिघ्र स्वास्थ्य लाभको हरिगुरुमा प्रार्थना समेत गर्दछौं।

साधकले दुःख सुखमा समान रहन सक्नु पर्छ भन्ने गुरु शिक्षाको आधार लिंदै यो वर्ष पर्न गएको जगद्गुरुत्तम दिवस २०८१को पावन उपलक्ष्यमा सम्पूर्ण हरिगुरु प्रेमी भक्ति पथगामी महानुभाव तथा आदरणीय पाठक जनमा हार्दिक भगवद् भक्ति मय शुभकामना प्रकट गर्दछौं।

जसरी भगवान्ले यस धराधाममा अवतरित हुँदा आफ्ना सम्पूर्ण परिकरहरु सहित आएर जीव कल्याणार्थ लीला गर्नुहुन्छ ठिक त्यसै प्रकारले उनै ब्रह्माण्डनायक भगवान्ले गुरुरुपमा अवतरित हुँदा पनि आफ्ना परिकर सहित आउनु हुन्छ र हामीहरु जस्ता अधम पतित जीवहरुका सँगसँगै रहेर अनेकौं प्रकारका लीला रचाएर सबैलाई भगवद् भक्तितिर अभिप्रेरित गरेर हाम्रो उद्धार गरिदिनुहुन्छ।

हरिगुरुलीला हाम्रो मायिक वुद्धिभन्दा परको विषय हो तापनि गुरु कृपाबाट प्राप्त ज्ञानको आधारमा गहिरिएर चिन्तन गर्ने हो भने अनुभव हुन्छ कि गुरु परिवार यानेकि गुरुका सम्पूर्ण परिकर भगवद् स्वरुप नै हुन्, वर्तमानमा हामी माथि भगवान्को यस्तो असीम करुणा भयो कि स्वयम् गृहस्थ गुरुरुपमा कृपालु बनेर आफ्ना अधिकाधिक परिकरहरु सहित हामी उपर सर्वोच्च भक्तिरस प्रवाह गरिदिनु भयो। यो रसास्वादन गराउन अथक तथा अग्रणीय भूमिका निर्वाह गर्दै आउनु भएकी हाम्री,हामी सबैकी प्यारी प्यारी वात्सल्यमयी, ममतामयी, कृपामयी बडी दिदी समक्ष हामी भावपूर्ण आभार प्रकट गर्दछौं। भौतिक रुपमा उहाँ हामी सामु नभए पनि परोक्षरुपमा संगै रहनुहुने उहाँले गर्नुभएका गुरु निर्दिष्ट सिद्धान्तमा हिंडाउने उत्प्रेरणा एउटा सच्चा साधकको हृदयमा अविरल रहनेछ, श्रीमहाराजजीसंग सँगै दिदी पनि रहनु हुनेछ। हाम्रो रसिक परिवारको जय होस्।

**जय श्री राधे !**

सम्पादक : सम्पादक मण्डल

फोन नं. ०१-६६३००५९ | **E-mail:** shyamashyamdhamthimi@gmail.com | **Visit Us**: www.divineclubworldwide.org

# जगद्गुरु परम्परा






**वसुदेव सुतं देवं कंस चारुण मर्दनम् ।**
**देवकी परमानन्दं कृष्णं वन्दे जगद्गुरुम् ॥**

'जगद्गुरु' शब्द निकै पुरानो हो । महाभारतमा अर्जुनले श्रीकृष्णलाई जगद्गुरु भनेका छन् - 'कृष्णं वन्दे जगद्गुरुम् ।' स्कन्दपुराणको उत्तर खण्डमा आमा पार्वतीले शंकरजीलाई जगद्गुरु भनी सम्बोधन गर्नु भएको छ । भागवतको दसौँ स्कन्धमा शुकदेव परमहंस भन्नु हुन्छ - जगद्गुरु श्रीकृष्णलाई जुन स्त्रीहरुले पतिको रुपमा माने उनीहरुको भाग्यको कति सराहना गर्ने ।

**जगद्गुरुं भर्तृबुध्दया तासां किं वण्यते तपः । (भाग. १०-९०-२७)**

यसकारण मूल जगद्गुरु श्रीकृष्ण नै हुनुहुन्छ । तर संसारमा यो परम्परात आदि जगद्गुरु शङ्कराचार्यबाट प्रारम्भ भएको थियो जो स्वयं शंकर भगवान्को अंशावतार हुनुहुन्थ्यो । कलियुगमा जब पाखण्ड धेरै बढन थाल्यो, बडो गडबड भयो, कपडा रंगाएर बिना पढे लेखेर नै लाखौं बाबा भए ।

**नारि मुई गृह सम्पत्ति नासी । मूड मूडाय भए सन्यासी ॥**

यिनीहरुले शास्त्र वेद न पढेर न बुझेर नै मनगढन्त मार्ग बनाए र मानिसहरुको कान फुक्न सुरु गरे । यस प्रकार सही तत्वज्ञानको अभावमा मानिसहरु अत्याधिक भ्रमित हुन पुगे । यसकारण सबै विद्वान मिलेर यो निश्चय गरे कि कुनै एक महात्मालाई हामी जगद्गुरुको उपाधि दिउँ । जगद्गुरुको उपाधिबाट त्यही व्यक्ति सुशोभित हुनेछ जो वेदज्ञ होस्, शास्त्रज्ञ होस् तथा भगवत्प्राप्ति पनि गरी सकेको होस् । भारतका सबै विद्वान उसको अगाडि नतमस्तक भइहालुन्, तब मात्र उ जगद्गुरुको पदमा प्रतिष्ठित हुन सक्छ । मानिसहरु निश्चिन्त भएर उकाहाँ जाउन र साधना गरुन् । अतः धोकाबाट बच्न सक्छन् । धोका दिने वाला त लाखौं छन् । एउटा गृहस्थी व्यक्तिलाई यति समय काहाँ हुन्छ र, चारै तिर घुमिराख्नका लागि । फेरि कसरी पता लगाओस् कि कुन सही गुरु हो । यसकारण दम्भलाई समाप्त पार्नका लागि, सबैको सुविधाको लागि जगद्गुरुको उपाधिको परम्परा प्रारम्भ भयो । जगद्गुरुको उपाधि उसैलाई प्रदान गरिन्छ जो सम्पूर्ण विश्वलाई दिव्य ज्ञान प्रदान गर्ने योग्यताबाट सम्पन्न हुन्छ ।

**‘गु रौतीति गुरः’** जो अज्ञान रुपी अन्धकारलाई निकाल्न समर्थ हुन्छ उसैलाई गुरु भनिन्छ। **‘गृणाति ज्ञानं इति गुरुः’** जसले दिव्य ज्ञान प्रदान गर्न सक्छ, उसलाई गुरु भनिन्छ -

**परीक्ष्य लोकान् कर्मचिन्तान् ब्राह्मणो निर्वेदमायान्नास्त्यकृतः कृतेन।**
**तद्विज्ञानार्थं स गुरुमेवाभिगच्छेत्, समित्पाणिः, श्रोत्रियं ब्रह्मनिष्ठम्॥**
**(मु. १-२-१२)**

भगवान्लाई जान्नका लागि श्रोत्रिय ब्रह्मनिष्ठ महापुरुषको शरणमा जानुपर्छ अर्थात् जो शास्त्र वेदहरुको ज्ञाता पनि होस् र भगवत्प्राप्ति पनि गरीसकेको होस्। जस्ले हामीलाई सम्जाउन सकोस् , तत्वज्ञान दिन सकोस् - भगवान के हो ? जीव के हो? माया के हो ? भगवत्प्राप्ति कसरी हुन सक्छ? संसारको सुख कस्तो हो ? मन के हो ? बुद्धि के हो ? यस्तो महापुरुष नै जगद्‌गुरुको पदमा सुशोभित हुन सक्छ।

शङ्कराचार्य प्रथम जगद्‌गुरु भए। उनको समयमा कुनै सभा थिएन, यिनले सम्पूर्ण भारतवर्षका विद्वानहरुमाथि दिग्विजय प्राप्त गरेका थिए। दिग्विजयको मतलब यो हो कि जति विद्वानहरु भारतवर्षमा ठूला ठूला हुन्थे, उनीहरुसँग शास्त्रार्थ हुन्थ्यो। जब उनीहरु परास्त हुन्थे तब सबै विद्वानहरुले यो स्विकार गर्थे कि यिनी सबै भन्दा श्रेष्ठ विद्वान हुन्। जगद्‌गुरु शङ्कराचार्यले तत्कालीन सबै विद्वानहरुलाई शास्त्रार्थमा पराजित गरेका थिए। काशीका कर्मकाण्डी पण्डित महाविद्वान् मंडन मिश्र र उनकी धर्मपत्नी शारदा देवी परास्त भएको कथा सबैलाई थाहा नै होला। त्यस समयमा देश काल परिस्थिति अनुसार जगद्‌गुरु शंकराचार्यले अद्वैत मतको स्थापना गरे। यद्दपि उनी प्रच्छन्न भक्त रसिक नै थिए र उनले श्रीकृष्ण भक्ति नै गरेका थिए, तर उनीद्वारा सिर्जित भाष्यहरु अद्वैतपरक थियो, जस्को अभिप्राय बौध्द धर्म एवं ईश्वर-रहित-मिमांसा कर्मको खण्डन मात्र थियो। यसकारण त्यस समय जगद्‌गुरु परम्परा स्थापित हुँदा हिन्दू धर्मको हराउन लागेको मान्यताहरुले पुनः जीवन पाउन थाले। त्यसर्थ वेदान्त ज्ञान प्रसारण तथा राष्ट्रिय संस्कृतिको रक्षाका लागि उनले चारवटा मठहरु स्थापित गरे र आफ्ना चारवटा शिष्यहरुलाई त्यहाँ बस्ने व्यवस्था गरे, जसले गर्दा उनी पछि पनि उनीहरुले प्रचार गर्दै रहुन्।

अद्वैतवादी आदि जगद्‌गुरु शंकराचार्य पश्चात विशिष्टाद्वैतवादी श्री रामानुजाचार्य, द्वैताद्वैतवादी श्री निम्बार्काचार्य एवं द्वैतवादी







श्री निम्बार्काचार्य एवं द्वैतवादी श्री माध्वाचार्य जगद्गुरु भए र त्यस समयका प्रतिष्ठित विद्वान् उनका ज्ञान प्रति नतमस्तक भए र उनीहरुलाई दिग्विजयी भनियो ।

तत्पश्चात् जगद्गुरु परम्परामा जगद्गुरु शङ्कराचार्य द्वारा स्थापित चार मठहरुमा विधिवत मनोनित वा चयनित उत्तराधीकारीहरुलाई जगद्गुरु भनियो । त्यसपछि उनका जुन शिष्य भए उनीहरुलाई त्यस गद्दीमा आसन गराइयो । उनीहरुको देहावसान पछि उनीहरुले जसको नाममा वसियत लेखे ऊ गद्दीमा आसीन भयो । यस प्रकार गद्दीधारी जगद्गुरु बन्दै गए ।

तर आजकाल २०० वर्षदेखि यो नियम छ कि काशीमा भारतवर्षका लगभग ५०० मूर्धन्य शास्त्रज्ञ विद्वानहरुको सभा छ, त्यहाँ कोही वेदान्तको विद्वान छ, कोही न्याय को, कोही पतञ्जलिको, कोही वैशेषिकको, कोही गीताको, कोही भागवतको, सबै प्रकारका विद्वानहरु छन् । यिनीहरु सबैले एक मतले स्वीकार गरे भने मात्र कसैलाई जगद्गुरुको उपाधिबाट विभूषित गरिन्छ । अहिले सम्म यस परिषद द्वारा जगद्गुरु श्री कृपालु जी महाराजलाई नै यस ऐतिहासिक उपाधिद्वारा विभूषित गरिएको छ।

आजकाल अरु जति जगद्गुरुहरु छन् उनीहरु सबै गद्दीधारी जगद्गुरुनै हुन् । धेरै जना भ्रमित छन् कि जगद्गुरु त अनेक छन् । तर काशी विद्वत परिषद्द्वारा त अहिले सम्म केवल जगद्गुरु श्री कृपालु जी महाराजलाई नै जगद्गुरु घोषित गरेका छन् । यो परिषद्ले त पहिले पूर्ण परिक्षण गर्दछ कि कुनै पनि महापुरुष शास्त्रहरु, वेदहरु, पुराणहरुको सम्पूर्ण ज्ञानले युक्त छन् कि छैनन् । हर प्रकारको कसीमा परीक्षण गरेर मात्र उनीहरुले उसलाई शास्त्रज्ञ स्वीकार गर्दछन् ।

सन् अक्टुबर १९५६मा काशीका प्रख्यात पण्डित, शास्त्रार्थ महारथी, भारतका सर्वमान्य एवं अग्रगण्य दार्शनिक काशी विद्वतपरिषद्का प्रधानमन्त्री आचार्य श्री राजनारायणजी शुक्ल षट्शास्त्रीले सार्वजनिक रुपमा जगद्गुरु श्री कृपालु जी महाराजको बारेमा जुन घोषणा गरेका थिए त्यसको केही अंश यस प्रकार छ -

“काशीका पण्डित सजिलैसँग कसैलाई समस्त शास्त्र वेदहरुको विद्वान स्वीकार गर्दैनन् । हामीहरु त पहिले शास्त्रार्थ गर्न चुनौती दिन्छौं । हामी उसलाई हर प्रकारको कसीमा परीक्षण गर्दछौं अनि मात्र उसलाई शास्त्रज्ञ स्वीकार गर्दछौं । हामी आज यस मञ्चबाट यो विशाल विद्वतमण्डललाई बताउन चाहन्छौं कि हामीले सन्ताग्रगण्य श्री कृपालु जी महाराज एवं उनको भगवद् प्रतिभालाई थाहा पायौं र तपाईहरु सबैलाई सल्लाह दिन चाहन्छौं कि तपाइँहरुले पनि यिनलाई चिन्नुस् र यिनीबाट लाभ प्राप्त गर्नुस् । तपाईहरुका लागि यो परम सौभाग्यको कुरा हो कि यस्तो दिव्य वाङ्मयलाई उपस्थित गराउने एक सन्त तपाईहरुका माझ हुनुहुन्छ ।....”

जगद्गुरु श्री कृपालु जी महाराजले सबै शास्त्र वेदहरुका असाधारण, अप्रतिम, अलौकिक ज्ञानले परिपूर्ण कठिन संस्कृतमा दिएको प्रवचन सुनेर काशीका सबै विद्वान स्तम्भित हुन पुगेका थिए । पूर्ववर्ति जगद्गुरुहरुका सिद्धान्तहरुको





विलक्षण समन्वय सुनेर सबै विद्वानहरुले उनलाई जगद्गुरुत्तम को रुपमा स्वीकार गरेका थिए तथा उनको भक्तिरसले ओतप्रोत व्यक्तित्वबाट प्रभावित भएर उनलाई भक्तियोगरसावतार तथा अन्य अनेक उपाधिहरु प्रदान गरेका थिए ।

**श्रीमत्पदवाक्यप्रमाणपारावारीण,**
**वेदमार्गप्रतिष्ठापनाचार्य,**
**निखिलदर्शनसमन्वयाचार्य,**
**सनातनवैदिकधर्मप्रतिष्ठापनसत्सम्प्रदायपरमाचार्य,**
**भक्तियोगरसावतार, भगवदनन्तश्रीविभूषित**
**जगद्गुरु १००८ स्वामी श्री कृपालु जी महाराज**


उनको प्रवचन एवं संकीर्तनमा उनको यो स्वरुप स्पष्ट देखिन्छ । जगद्गुरु श्री कृपालु जी महाराज समस्त वेदहरु, शास्त्रहरु, पुराणहरु एवं पाश्चात्य दार्शनिक सिद्धान्तहरुका परस्पर विरोधी सिद्धान्तहरुको समन्वय गर्नुहुन्छ । सबै आचार्यहरुको सम्मान गर्दै एक मात्र भक्तियोगको प्राधान्यतालाई सिद्ध गर्नुहुन्छ तर भक्तियोगलाई कर्म मिश्रित (कर्मयोग) को रुपमा नै बताउनु हुन्छ । उहाँ सम्प्रदायवाद, शिष्य परम्परा (कान फुक्ने) आदि बाट टाढै बस्नुहुन्छ । उहाँले यस आध्यात्मिक प्रचारकालागि हिन्दी एवं अङ्ग्रेजी दुवै भाषाका अनेक प्रचारक बनाउनु भएको छ, जस्ले देश विदेशमा श्रीकृष्णभक्तिको प्रचार गर्दछन् अनेक ब्रज महारसिकहरुले जुन श्रीराधाकृष्णको दिव्य लीलाहरुको रस बृष्टि ब्रजमा गरेका थिए त्यसै परम्परामा आचार्यश्रीको प्रवचन, संकीर्तन आदिको स्वरुप हो । यदि कसैले कहिल्यै गुरुमन्त्रको लागि प्रेमाग्रह गर्दा मुस्कुराउँदै जवाब दिनु हुन्छ - मेरो विषयमा त सबैलाई थाहा नै



छ न चेला बनाउँछु र न बनाउन दिन्छु । मेरो विरुद्धमा छन् सबै बाबाहरु चाहे जगद्गुरु होउन् चाहे कोही पनि होउन् । यसकारण म कहाँ मन्त्र लिनका लागि कसैले न सोच्दा पनि हुन्छ । मलाई आफ्नो बनाउनु छ भने सदा सर्वत्र प्रत्येक श्वासको साथ राधा नाम को जप गर ।

राधे राधे गोविन्द गोविन्द राधे ।
राधे राधे गोविन्द गोविन्द राधे ॥

जगद्गुरु श्री कृपालु जी महाराज
(साभार: "गुरु मन्त्र" पुस्तकबाट)





# प्रेम रस मदिरा

## सिद्धान्त माधुरी

माई री मैं तो ! आजु परी निधि पाई।
जेहि खोजत मोहिं युग युग बीत्यो, पऱ्यो न कतहुँ लखाई।
तेहि मोहिं साधनहीन जानि के, रसिकन दई बताई।
पारस लहि बौरात रंक ज्यों, त्यों हौं गई बौराई।
भरी गुमान रैन दिन डोलति, करति सदा मनभाई।
सो 'कृपालु' बिनु मोल मिलत निधि, राधे नाम सदाई॥

**भावार्थः-**

आम्मै ! मलाई त आज परिश्रमै नगरी गाडधन पो फेला पऱ्यो। जुन खानीको खोजीमा मेरा अनन्तानन्त जन्म बितेर गए, तैपनि त्यो कहीँ फेला परेको थिएन। रसिकहरुले मलाई साधनहीन सम्झेर अहिले बताइदिए। त्यो बुझेपछि त जसरी एउटा भिखारी अचानक पारस भेटेर पागलजस्तो हुन्छ त्यसै गरी म पनि त्यो खानी फेला पारेर उन्मत्तजस्तै भएकी छु। अब म अत्यन्त गर्वका साथ कसैको वास्ता नगरी दिनरात विचरण गर्दै अनादिकालदेखिका अपूर्ण इच्छाहरु पूर्ण गरिरहेकी छु। श्री कृपालु जी भन्नुहुन्छ त्यो खानी भनेको राधे नाम नै हो र रसिकहरुको कृपा भएपछि त्यो सबैतिर पाइन्छ।

# समर्था रति

समर्था रति के हो अलि राम्रो गरी बुझ्नु पर्छ। भगवान्सँग तीन किसिमले प्रेम गर्ने गरिन्छ। एउटाको नाम हो साधारणी रति, दोस्रोको नाम हो समन्जसा रति, र तेस्रोको नाम हो समर्था रति। साधारणी रति भन्दा श्रेष्ठ समन्जसा रति र समन्जसा रति भन्दा श्रेष्ठ हो समर्था रति। यसको विज्ञान के हो त ?

साधारणी रति त्यसलाई भनिन्छ जसमा आफ्नो सुखको भावना राखेर भगवान्सँग प्रेम गर्ने। आफ्ना इन्द्रियहरुको सुख चाहन्छ भगवान्बाट यसकारण प्रेम गर्दछ भगवान्सँग। उनको दर्शनबाट, उनलाई सुनेर, शब्दबाट, उनको सुगन्धबाट, उनको स्पर्शबाट, उनीसँगको विषय भोगबाट हामीलाई सुख मिलोस यो लक्ष्य जहाँ हुन्छ त्यो साधारणी रति हो। त्यसलाई सकाम भक्ति पनि भनिन्छ। यो सकाम भक्ति सबैभन्दा तल्लो स्तरको भक्ति हो। कुब्जाको सकाम भक्ति थियो। त्यसैकारणले उनी सादारणी रतिको महापुरुष बनिन्। गोलोक उनले पनि पाउँछिन्, मायाबाट मुक्ति पाउँछिन्। भगवान्सँग प्रेम चाहे जुनसुकै किसिमले होस्, काम बन्छ। काम भावले, क्रोध भावले, मोहले, ईर्ष्याले, दुश्मनी ले पनि कंस आदिको भाव बन्यो ऊ पनि गोलोक गयो। संसारको कामनाले होइन यो कुरामा ध्यान देऊ। भगवान्को कामना अर्थात् आफ्ना इन्द्रियहरुको सुख चाहन्छ भगवान्सँग, संसारसँग होइन।

यसभन्दा माथि समन्जसा रतिको प्रेम हुन्छ जुन रुक्मिणी आदिको थियो द्वारिकामा। त्यसमा के हुन्छ - आफ्नो सुखको पनि कामना छ र श्यामसुन्दरको सुखको पनि कामना हुन्छ, आधा आधा हुन्छ। दुवैको हेर विचार गरिन्छ। यो समन्जसा रति हो।


जसमा केवल श्यामसुन्दरको सुखको नै कामना होस्, आफ्नो सुखको कामना होइन। म उनलाई सुख कसो गरी दिऊँ। पता लगाऊँ उनलाई सुख कसो गरी मिल्छ त्यही गरुँ। यस प्रकारको प्रेमलाई निष्काम प्रेम भनिन्छ। त्यो गोपिहरुको प्रेम थियो, निष्काम प्रेम। त्यसकारण गोपिहरुलाई सबैभन्दा माथिल्लो कक्षा प्राप्त भयो। उनीहरुभन्दा तल रुक्मिणी, सत्यभामा आदि सोह्रहजार एकसय आठ पटरानीहरुको स्थान छ र त्यस भन्दा तल कुबरी (कुब्जा) आदिको स्थान छ।



अनन्त गुणाको सुख हुनेछ। श्यामसुन्दरलाई सुख प्राप्त भइरहेको छ हाम्रो कारणले, हाम्रो शरीरको कारणले वा हाम्रो सेवाको कारणले जसरी पनि होस्। उनको सुख देखेर हामीलाई अनन्त सुख प्राप्त हुन्छ यो निष्काम प्रेम हो, यही समर्था रति हो।

निष्काम भावले भगवान्लाई प्रेम गर्दा कतै केही गडबडी हुँदैन। यदि हामीले भगवानसँग केही माग्यौँ र पाइएन भने अनि भगवान्बाट टाढा भइ हाल्छौँ। अरे ! कस्ता दयालु हुन र, कस्ता करुणाकर हुन र, सबै धोखा हो। हामी यति रोई रहेका छौँ, हामीलाई यो दिनु भएन। हामीलाई यो दिनु भएन यो कहिल्यै न सोच, उहाँले हाम्रो लागि जे राम्रो हुन्छ त्यही पो दिनु हुन्छ। वियोग दिनुमा हाम्रो कल्याण छ भने हामीलाई वियोग दिनु हुन्छ। संयोग दिनुमा हाम्रो कल्याण छ भने हामीलाई संयोग दिनु हुन्छ। संसार छिनेर लैजानुमा हाम्रो कल्याण छ भने उहाँले हाम्रो संसार छिनेर लैजानु हुन्छ। हाम्रो शरीरमा बिमारी पैदा गर्नुमा हाम्रो कल्याण हुन्छ भने, अर्थात् हाम्रो कल्याण जसरी हुन्छ उहाँले गर्नु हुन्छ, हामीले नाई भन्नु हुँदैन। उनको हरेक कार्यमा हामीले 'यस सर' यही भन्नु पर्छ, यही मान्नु छ, भित्रबाट। यसलाई समर्था रति भनिन्छ, यही निष्काम प्रेमको लक्ष्य राखी भगवान्सँग प्रेम गर्नु पर्छ।

जगद्गुरु श्री कृपालु जी महाराज
(साभार : "प्रश्नोत्तरी भाग-३" बाट)



प्राकृत मनको भक्ति पनि, प्राकृत नै हुन्छ । भक्ति भगवान्को एक प्राईवेट शक्तिको नाम हो । भगवान्को तीन स्वरुप तपाइँहरुले सुन्नु भएकै होला । सच्चिदानन्द ब्रह्म - सत्, चित्, आनन्द । सत् ब्रह्म, चित् ब्रह्म, आनन्द ब्रह्म - यी भगवान्का तीन अभिन्न स्वरुप हुन् । यिनमा सत् भन्दा श्रेष्ठ चित्, चित् भन्दा श्रेष्ठ आनन्द । आनन्द सर्वोपरि छ । यसै कारण वेदमा भगवान्को एक नाम भनिएको छ -

**आनन्दो ब्रह्मेति व्यजानात् (तैत्तिरीयोपनिषद ३-६)**

आनन्द नै भगवान् हो । यस प्रकार आनन्द ब्रह्मको सार तत्व हो, जसद्वारा भगवान् सदा आनन्दमय रहनु हुन्छ । यति फोहर संसार बनाउनु भयो भगवान्ले र एक एक जीवसँग भगवान् उसको अन्तःकरणमा बसेर उसको फोहर विचारहरु नोट गर्नुहुन्छ र पुरानो कर्मको फल दिनुहुन्छ, अनेक फोहरी कार्यहरु गर्नु हुन्छ तर पनि सदा आनन्दमय रहनु हुन्छ । यी अनन्त भगवान्का जीवहरु उनका पुत्र हुन्, बच्चा छन्, सबै आवारा भएका छन् । आफ्नो बाउलाई नै बिर्सेका छन् । संसारमा नै एक अर्कालाई बुवा, आमा, छोरा, स्त्री, पति बनाएका छन् । तर पनि भगवान्ले कृपा गर्नु भएको छ, सबैको हृदयमा बसेर उसको कर्महरुको लेखाजोखा राख्नु हुन्छ र तैपनि सदा आनन्दमय रहनु हुन्छ । कुनै टेन्सन छैन ।

तपाइँको घरमा एक पति होलान्, एक पत्नी हो लिन्, एक आमा बुवा पनि होलान् बुढा भइसकेका, दुई चार छ दस बच्चाहरु पनि होलान् यसैमा तपाइँ परेशान रहनु हुन्छ । टेन्सन छ आजकाल । किन ? एउटा छोरा आवारा भएछ, एउटा छोरी पनि आवारा भइछन् । लौ हेर । भगवान्का यति धेरै बच्चाहरु, सबै आवारा । कोही कोही भक्त होलान ठिक छ, बाँकि सब गडबड छ । संसारसँग प्रेम गरिरहेका छन्, भगवान्लाई बिर्सेका रहेछन्, तर पनि भगवान् सदा आनन्दमयी छ । हो, त्यो एउटा शक्ति छ, भगवान्सँग ह्लादिनी शक्ति भन्दछन् त्यसलाई ।


भक्त कृपा भक्ति मिले गोविन्द राधे ।
साधना ही जीवोंको साध्य दिला दे ॥

यो त तपाइँहरुलाई थाहा नै छ कि भक्तिद्वारा भगवान् पाईन्छ । वेददेखि लिएर रामायण सम्म हरेक ग्रन्थ, हरेक सन्त, हरेक पन्थ निर्विवाद रुपबाट यहि घोषित गर्दछ कर्मद्वारा त केवल स्वर्ग प्राप्त हुन्छ र ज्ञानबाट केवल अज्ञान हट्छ । भक्तिद्वारा नै माया निवृत्ति हुन्छ र भक्तिद्वारा नै भगवान् प्राप्ति हुन्छ, भगवत्कृपा पाइन्छ, भगवत्प्रेम पाइन्छ । यो भक्ति के चिज रहेछ जसद्वारा भगवानसँग भेट हुन्छ ।

**अहं भक्त पराधीनो । (भागवत ९-४-६३)**

भगवान् भन्नुहुन्छ म भक्तिको अण्डरमा (अधिनमा) रहन्छु । हामी भगवान्सँग जुन प्रेम गर्छौं यहि भक्ति हो र ? होइन, हाम्रो मनको जुन आसक्ति भगवान्मा हुन्छ त्यस भक्तिको अधिन भगवान् रहनु हुन्न । यो त मैटेरियल (सांसारिक) भक्ति हो, किनभने हाम्रो मन मायिक छ, प्राकृत छ ।

यी तीन स्वरुप मैले बतायेँ सत्, चित्, आनन्द, सत्सँग सन्धिनी शक्ति, चित्सँग संवित् शक्ति र आनन्दसँग ह्लादिनी शक्ति र त्यस ह्लादिनी शक्तिको स्थान सर्वोपरि छ । सत् शक्ति माने सन्धिनीसँग, चित् शक्ति माने संवित् सँग, दुवै मा श्रेष्ठ छ ह्लादिनी शक्ति । त्यस ह्लादिनी शक्तिको जुन सार छ त्यसलाई भन्दछन् भक्ति, प्रेम । अर्थात् भगवान्‌का जति पनि शक्तिहरु छन् ती सबैमा सर्वश्रेष्ठ, सबै भन्दा प्राईवेट शक्तिको बान हो - भक्ति, प्रेम । यसकारण भगवान् त्यसको अण्डरमा (अधिनमा) भइहाल्नु हुन्छ । त्यो भक्ति गर्न सकिदैन, त्यो भक्ति कुनै दामले पाईदैन, किनभने दाम जुन हुन्छ त्यो मैटेरियल (सांसारिक) हुन्छ । मूल्य जुन हुन्छ भक्ति प्राप्त गर्न हामीसँग त्यो सबै मायिक हुन्छ किनभने हाम्रो शरिर मायिक, मन मायिक, इन्द्रियहरु मायिक, बुद्धि मायिक - सबै मायिक सामान हुन् ।



**गो गोचर जहँ लगि मन जाई । सो सब माया जानेहु भाई ॥**

हाम्रो मन-बुद्धिको गति जहाँ सम्म जान सक्छ, ती सबै माया । भगवान्‌लाई हामी के बुझ्न सक्छौं र ? न भगवान्‌लाई कुनै मायिक बुद्धिले बुझ्न सक्छ न देख्न सक्छ, न सुन्न सक्छ, न सुँग्न सक्छ, कुनै पनि मायिक वस्तुले भगवान्‌लाई ग्रहण गर्न सक्तैन । त्यसो भए के यी ठूला ठूला सन्तहरुले पनि भगवान्‌लाई प्राप्त गरेका छैनन् ? देखेका छैनन् ? देखेका छन्, आज पनि देखिरहेका छन्, पछि पनि देख्ने छन् तर मायिक वस्तुद्वारा होइन । अनि दिव्य वस्तु कहाँबाट पाईन्छ ? अरे, सबैसँग त्यही इन्द्रियहरु त छन्, त्यही मन छ, त्यही बुद्धि छ । तुलसी, सूर, मीरा, कबिर, नानक, तुकाराम, शंकराचार्य, वल्लभाचार्य, निम्बार्काचार्य ठूला ठूला जगद्‌गुरुका इन्द्रिय मन बुद्धि के कतै बजारबाट किनेर ल्याईएको थियो ? जस्तो हाम्रो छ त्यस्तै यिनका पनि त थियो होला । यिनीहरुलाई भगवान् कसरी देखा पर्नु भयो ?

हो, यिनीहरुलाई भगवान्‌ले भक्तहरुद्वारा दिव्यशक्ति दिन लगाउनु भएको थियो । यो जुन मैले भनिरहेको छु भक्तद्वारा भक्ति प्राप्त हुन्छ । यो दिव्य भक्ति जुन प्राप्त हुन्छ, दिव्य शक्ति दिन्छन् भक्तले, तब दिव्य भक्ति प्राप्त हुन्छ । पहिले भाँडो बनाइन्छ, तब त्यस भाँडोमा दिव्य सामान दिइन्छ ।

हाम्रो अन्तःकरणको भाँडो मायिक छ, त्यसमा दिव्य प्रेम, दिव्य भक्ति ग्रहण गर्न सकिन्न । पहिले त्यसलाई दिव्य बनाउनु पर्छ । त्यो दिव्य कसले बनाउँछ ? त्यो भक्तले बनाउँछ, गुरुले बनाउँछ । त्यसो भए गुरुले जुन बनाउँछन् दिव्य भाँडो, सबैको किन बनाउँदैनन् त ? अरे ! एउटा गुरु आओस् र सबैको भाँडो बनाई देओस् । सबैजना दिव्य इन्द्रिय मन बुद्धिवाला भइहाल्छन् र सबैले दिव्य भगवान्‌को अनुभव प्राप्त गरी हाल्छन् । सबैको माया निवृत्ति भइ हाल्छ, सबैजना आनन्दमय भइहाल्छन् । यस्तो न कुनै भगवान्‌को अवतारले गर्न सक्यो, न कुनै सन्तले । यो भक्तले जुन दिव्य शक्ति दिन्छन्, त्यो अधिकारीलाई दिन्छन्, हरेकलाई दिदैनन् । अधिकारी को हुन् ? अधिकारी त्यो हुन्छ जसको अन्तःकरण शुद्ध भइ हाल्छ, सत् प्रतिशत् सफा । सबै फोहर सफा ।

कतै संसारमा आसक्ति न होस्, न स्वर्गमा, यहाँ सम्म कि बैकुण्ठमा पनि न होस् । केवल राधाकृष्ण र राधाकृष्णको नाम, उनको रुप, उनको गुण, उनको लीला, उनको धाम, उनका भक्त, बस यतिमा मनको आसक्ति रहोस् अन्त कतै मनको आसक्ति प्वाएन्ट एक प्रतिशत पनि नहोस् । यस्तो शुद्ध मन बन्यो भने त्यो अधिकारी हो, पात्र हो । उसमा त्यो दिव्य शक्ति दिइन्छ । त्यसपछि जब ऊ दिव्य बन्छ तब दिव्य भक्ति दिइन्छ । तब उसले भगवान्लाई देख्न सक्छ, सुन्न सक्छ, स्पर्श गर्न सक्छ ।

त्यसो भए भक्तको कृपाबाट भक्ति पाइन्छ, तर यो शर्त छ कि पहिले अन्तःकरणलाई हामी शुद्ध गरौं । अब अन्तःकरण शुद्ध गर्नका लागि हामीले एउटा भक्ति गर्नु पर्ने हुन्छ । अर्थात् दुई किसिमका भक्ति भए – एक भक्ति गर्नु पर्छ तब भाँडो बन्छ अनि दोस्रो भक्ति गुरुले दिन्छन् कृपा गरेर । त्यो कृपाद्वारा प्राप्त हुन्छ, त्यो कुनै साधनद्वारा प्राप्त हुँदैन । साधनद्वारा त केवल भाँडो बन्छ, साधनबाट कृपा पाईदैन, भक्ति पनि पाईदैन, भगवान् पनि पाईदैन, साधनबाट दिव्य वस्तु पाइदैन, किनभने सबै साधन मायिक हुन् ।

साधनबाट तपाइँको अन्तःकरण शुद्ध भइ हालोस्, अर्थात् फोहर–मैला निस्कोस्, भाँडो सफा भइ हालोस्, बस यति हामीले गर्नुछ । यस पछि गर्ने छन् गुरुले, हामीले केही गर्नु छैन । गुरुलाई भन्नु पनि छैन कि माहाराज अब मलाई प्रेम दिनोस्, दिव्य शक्ति दिनोस् । त्यो उनले आफै दिनेछन्, उनको यही काम हो । जस्तै संसारमा कुनै कम्पनीको एजेन्टले आफ्नो माल बिक्री गराउँछ भने उसले कमिसन पाउँछ । त्यस्तै यी माहापुरुषहरु भगवान्का एजेन्ट हुन्, यिनीहरु घुमी रहन्छन्, हेरी र हन्छन् कसको भाँडो बन्यो उसलाई दिई हाल, त्यसो भए पछि भगवान् ऊ बाट प्रसन्न हुन्छन्, ऊ माथि अझ कृपा गर्नुहुन्छ र प्रेम गर्नुहुन्छ । यसकारण पछिको कुरा हामीले अहिले नै सोच्नु पर्दैन कि महापुरुषको हुन्, उनीसँग कहाँ भेट हुन्छ र उनीबाट मागी हाल्ने । होइन, महापुरुष तपाइँले खोज्नुस् र उ प्रति शरणागत हुनुहोस् सत् प्रतिसत् तन, मन, धन लेर फेरि उसले बताएको साधना गर्नुहोस् र फोहर–मैला निकाल्नु होस्, मायिक आसक्ति हटाउनु होस् । जब अन्तःकरण शुद्ध हुन्छ, भाँडो बन्छ, तब फेरि अन्तःकरणलाई दिव्य बनाउने र दिव्य भक्ति, दिव्य प्रेम दिने सबै काम गुरुले गर्नेछन् । यसरी साधनाद्वारा साध्य पाइन्छ – यो वाक्य पनि सही हो, किनभने अन्तःकरणको निर्माण, शुद्ध बनाउने, यो सबै साधनाद्वारा नै हुन्छ, भक्तिद्वारा नै हुन्छ, भगवान्को लागि आँशु बगाएर नै हुन्छ, र श्रीकृष्णको प्रेम कृपाद्वारा प्राप्त हुन्छ, यो पनि सही हो । किनभने त्यसको कुनै मूल्य छैन कि हामी तपस्या गरेर, साधना गरेर करोड कल्प र प्रेमलाई प्राप्त गरी हाल्छौं, असम्भव ।

करोड कल्प कसैले तपस्या गरोस, तपस्याले भगवान् प्राप्त हुँदैन । ऋद्धि सिद्धि प्राप्त हुन्छ, स्वर्ग पाइन्छ, इन्द्र बन्न सक्छौ बस । मायाको निबृत्ति प्लस भगवान्को ज्ञान र भगवान्को आनन्द प्राप्त गर्न – यी दुई कुराहरु केवल भक्तिद्वारा नै प्राप्त हुन्छ । त्यो भक्ति कृपाद्वारा पाइन्छ, र त्यो कृपा अन्तःकरण दिव्य भएपछि पाइन्छ र त्यो अन्तःकरण दिव्य, अन्तःकरण शुद्ध भएपछि दिइन्छ र त्यो अन्तःकरण शुद्धि साधना भक्ति तपाइँले आफै गरेर पाउनु हुन्छ ।

तपाइँहरु जुन यो संकीर्तनमा रुपध्यान गर्नु हुन्छ यही साधना हो । यही भक्तिद्वारा तपाइँको अन्तःकरण शुद्ध हुन्छ, पात्र बन्छ, तब गुरु कृपाद्वारा दिव्य भक्ति प्राप्त हुन्छ । तब दिव्य भगवान्को लाभ पाइन्छ । यसकारण बिरोधी हुँदा हुँदै पनि यी दुवै वाक्य सही हुन् कि कुनै मूल्य चुकाएर भक्ति पाइदैन, कृपाद्वारा नै पाइन्छ । तर भक्तिद्वारा नै कृपाको अधिकारी बन्नु छ, यसकारण भक्ति गर्नै पर्छ, कृपाको भरोसामा बसेर काम बन्दैन, यो आशय हो ।

जगद्गुरु श्री कृपालुजी महाराज
(साभार : "कृपालु भक्ति धारा भाग १" बाट)



## जगद्गुरुत्तम अमृतवाणी

» सन्तहरु र भगवान्ले मात्र दया बाहेक अरु केही गर्न नै सक्नु हुन्न ।

» भएजतिका सबै दोषहरु हामी भित्र छन् तर हामी आफूले आफैलाई दोषी मान्दैनौं ।

» आफ्नो शरण्य (हरि तथा गुरु) लाई सधैँ आफूसँग रक्षकको रुपमा मान्नु छ ।

» भगवान्का सबै अवतारहरुमा अनन्त शक्ति, अनन्त गुण एवम् दिव्यता आदि सबै नै बराबर रहन्छन् ।

» महापुरुष (वास्तविक गुरु) ले संसारी वस्तुको वरदान दिनुहुन्न ।

» कसैले गल्ती गर्‍यो भने क्रोध सबैलाई आउँछ त्यसमाथि नियन्त्रण गर्न सिक ।



## जगद्गुरु श्री कृपालु जी महाराजसँग साधकहरूले राखेका जिज्ञासा एवम् तिनको नेपाली रूपान्तरण

# भाग १७१

**जिज्ञासा : गुरुका प्रति हाम्रो प्रेम बढिरहेको छैन। प्रेम बढाउन के गर्नुपर्छ ?**

**समाधान**: कसैलाई पैसा चाहिएको छ। कसैलाई कुनै सामान चाहिएको छ। त्यो अर्को कसैसँग छ। उसले त्यो दिनसक्छ। अमुक व्यक्तिबाट हाम्रो सांसारिक स्वार्थ सिद्ध हुनसक्छ। हामी यस्तै सोच्दछौं। जहाँ स्वार्थको भावना आउछँ, त्यहाँ स्वभाविक रूपमा प्रेम हुन्छ। हाम्रो आत्माको जुन स्वरूप छ, त्यसको जुन स्वार्थ छ, त्यो दिव्य छ। त्यो भगवान् र गुरुबाट मात्रै समाधान हुन्छ। जुन वास्तविक स्वार्थ छ, त्यो दिव्यानन्द हो, प्रेमानन्द हो। हाम्रो मानवीय शरीरको लक्ष्य त्यही हो। त्यो तब मात्रै प्राप्त हुन्छ, जब हामी भगवान्का शरणमा जान्छौं। भगवान् अदृश्य हुनुहुन्छ। त्यसैले सबैभन्दा पहिले गुरुसँगै भेट हुन्छ। गुरुकै शरणमा पुगिन्छ। उहाँबाटै सैद्धान्तिक ज्ञान र व्यावहारिक ज्ञान प्राप्त हुन्छ। अघि बढ्दै गएपछि उहाँबाटै सबै स्वार्थ सिद्ध हुन्छ। यो कुरा बारम्बारको चिन्तनद्वारा दृढ गराउनुपर्छ। उहाबाँटै हाम्रो स्वार्थ सिद्ध हुन्छ, उहाकैं कृपाबाट दिव्यप्रेम प्राप्त हुन्छ" भन्ने बारम्बारको भावनाबाट प्रेम बढ्रे जान्छ। बस्, बढी स्वार्थी सिद्ध हुने विश्वास हुना साथ ममता बढ्छ। ममता बढ्नासाथ प्रेम बढिहाल्छ। यो प्रेम बढ्ने मात्रा घटी या बढी हुनु चाहिँ अरू धेरै कुराहरूमा भर गर्छ। कहिलेकहीँ राम्रा संस्कार आए भने हामीले थोरै प्रयास गरपेनि प्रेम धेरै बढ्छ। कहिलेकाहीँ खराब संस्कार आइदिन्छन् अनि हामीले धेरै प्रयास गर्दा पनि सफलता चाहिँ अलिकति मात्रै प्राप्त हुन्छ। तर त्यस्ता खराब संस्कार धेरै दिन चाहिँ टिक्दैनन्। ती हटेपछि फेरि हामी स्वाभाविक रूपमा अघि बढ्दै जान्छौं। हामीले अघि बढ्नु परेको छ, त्यसैले प्रयत्न गरिरहनुपर्छ। कहिले भगवान्सँग प्रेम बढी होला, कहिले गुरुसँग बढी होला। त्यो हुँदै रहोस्। त्यसको चिन्ता गर्नु हुँदैन। हामी अघि बढिरहनुपर्छ।

**जिज्ञासा: धेरै मानिसहरू यहाँ गुरुधाममा आउँदा दिव्य अनुभव हुन्छ भन्छन्। यदि हामीलाई त्यस्तो अनुभव हुन ढिलो भयो भने के त्यो चिन्ताको विषय हो ?**

**समाधान**: अनुभव केही होइन। कुनै पनि अनुभव खास महत्त्वपूर्ण हुँदैन। सासांरिक वस्तुमा प्रेम कम हुनु र हरि-गुरु प्रति प्रेम बढ्नु खास अनभुव हुनुको सबैभन्दा ठुलो मापदण्ड हो। बाँकी अनुभवको कुनै चिन्ता नगर। त्यो हुनुपर्ने अनभुव त अन्त्यमा होला, अहिले नै कहाँ अनभुव भएको छ र ? ससांर प्रतिको मायिक विकार घट्तै गएको छ कि छैन ? त्यो हेरौं। हामी पहिले पहिले साना-साना कुरालाई लिएर खूब चिन्ता गर्थ्यौं र अब ठुला-ठुला कुरामा पनि कम चिन्ता गर्छौं भने यसो हुनुको मतलब हो कि अब अहङ्कार कम हुँदैछ। यो सबै हाम्रो मापक हो। यसबाट हामी आफूलाई आफै जाँच्दै जाउँ र जहाँ असफल भइन्छ, त्यहाँ भविष्यमा हामी असफल हुदैंनौं भन्ने निश्चय गरौं। त्यति गरेपछि हामी सफल हुनेछौं। निरन्तर सावधान रहनुपर्छ र दिनहुं आफ्ना दैनिक कामको समीक्षा गर्नुपर्छ। मैले कहाँ कहाँ क्रोध गरें ? किन गरें ? क्रोध नगरको भए काम चल्ने थियो कि थिएन ? देखावटी क्रोध गरको भए पनि हुन्थ्यो कि ? साँच्चैको क्रोध किन गरें हुँला ? आदि प्रश्नहरु आफूले आफैंसँग दिनहुं गर्नुपर्छ र अर्कोदिन फेरि हुनसक्ने गडबडीलाई कम गराउनुपर्छ।

# श्रद्धा किन हुँदैन ?

जसरी भगवान् इन्द्रिय, मन, बुद्धिद्वारा अप्राप्य छन् त्यसरी नै महापुरुष पनि इन्द्रिय, मन, बुद्धिद्वारा अप्राप्य नै हुन्छन्। हामी आफ्नो प्राकृत बुद्धिको नापबाट उनीहरुलाई नाप्ने प्रयास गर्छौं। अत: नामापराध गर्न पुग्छौं अनि जति हाम्रो श्रद्धा हुन्छ त्यो समेत जिरो बट्टा सय हुन पुग्छ। तपाईंको नाप त यस्तो छ कि जस्तै कसैले केवल नुनको स्यानो नाप बनायो, दुई फुट वा चार फुटको अनि नाप्न खोज्यो समुँन्द्रको गहिराई, त्यसरी गहिराई त के पो नाप्न सक्ला र ? नुनको नाप नै पग्लिन्छ।

अर्थात् भगवान्, महापुरुषलाई ज-जसले नाप्न गए, बिचरा उनीहरुले के नाप्न सक्छन् र ? उनीहरुको बुद्धिनै नष्ट हुन पुग्यो, नामापराध हुन पुग्यो । आफ्नो बुद्धिको आधारमा भगवान्को अवतारहरुको र महापुरुषलाई जोख्ने अनाधीकार चेष्टा न गर्नु।

**योगेश्वराणां गतिमन्धबुध्दि: कथं विचक्षित गूहानुबन्धः ।** (भाग. ५-१०-२०)

जब योगिश्वरहरुको गतिलाई नै विश्वमा कसैले पनि जान्न सक्तैन भने योगिश्वर भन्दा पनि अघि रहेका महापुरुष, उनको गतिलाई कसले जान्न सक्छ र हामीले त्यो जान्ने चेष्टा गर्‍यौं। अली हेरौ त त्यो महात्मा कस्ता रहेछन् ? अँ, देखें। यस्तो मुर्ख रहेछ, यस्तो नाक रहेछ, यस्तो आँखा रहेछ, यति अग्लो रहेछ, यति मोटो रहेछ, यति उमेरका रहेछन्, यस्तो रूप रहेछ, यस्तो रङ्ग रहेछ आदि। यो सबै के हेरीरहेका छौ ? कस्तो महात्मा रहेछन्, हेरी रहेका छौ। यो सबै के हेरी रहेका छौ, महापुरुष बडी (शरीर) होईनन्, महापुरुष त यिनी भित्र रहेको आत्मा हो र त्यहाँसम्म तिमी पुग्न सक्तैनौ।

एक पटक राजा जनकको सभामा अष्टावक्र पुगे। उनी आठ ठाउँबाट बाङ्गो थिए। विचार गर्नुस आठ ठाउँबाट बाङ्गो मानिस, तपाइँहरु कहिल्यै देख्नु भएको छैन होला । दुई स्थानबाट वा तीन स्थानबाट बाङ्गो देख्नु भएको होला। यो छ फुटको शरीरलाई आठ ठाउँमा बाङ्गो बनायौं भने नौ - नौ ईन्चीमा बाङ्गो देखिन्छ। विचार गर्नुस कस्तो किसिमको शरीर होला । यदि कतै प्रदर्शनीमा राख्यो भने लाखौं रुपिया कमाउन सकिन्छ । सबै हेर्न जानेछन् उसलाई । जनकको सभामा जब अष्टावक्र पुगे, स्वाभाविक रुपमा नै त्याहाँ ठूलठूला दार्शनिक, विद्वान, वेदका विद्वानहरु बसेका थिये। उनीहरुले अष्टावक्रलाई देखे, अनि स्वाभाविक ढंगबाट नै सबैजना हाँस्न थाले । कसैले कन्ट्रोल गर्न सकेनन् । त्याहाँ राजा जनक पनि बसेका थिये । हाँसीरहेका ती महाविद्वानहरु, महापंडितहरुलाई देखेर अष्टावक्र पनि हाँसे, मुस्कुराये, राजा जनक तर्फ हेरेर भने "के तिम्रो सभामा चमार नै चमारहरु मात्र बस्छन् ? चमार एउटा जातीको नाम हो, जो चमडा अर्थात् छाला को विशेषज्ञ हो उसलाई चमार भनिन्छ, जस्ले जुत्ता आदि बनाउँछन्, छालाका वस्तुहरु बनाउँछन् ।



उनीहरुले छालाको पहिचान गर्छन्, यो मृगको छाला हो, यो गाईको हो, यो भैसीको हो आदि। अष्टावक्रले भने "तिम्रो सभाको मैले धेरै नाम सुनेको थिएँ कि जनकको सभामा विश्वका ठुलठुला विद्वान तत्वज्ञानीहरु बस्दछन्। यहाँ त सबैजना चमार पो रहेछन्।" अब पुरै सभा स्तब्ध, गमभीर भयो। सबै विद्वानहरुले अनुभूति गरे कि यो कस्तो विचित्र व्यक्ति रहेछ कि हामीलाई चमार भन्छ। हामी सबैजना ब्राह्मण छौं, यहाँ फेरि शास्त्र वेदको विद्वान छौं। जनकले कुरा बुझीहाले, जनक त विदेह परमहंस थिए।

जनकले भने महाराज ! "यिनीहरु जान्न चाहन्छन् कि हजुरले यिनीहरुलाई चमार किन भन्नु भयो ?" सबैले यो कुरा अनुभूति गरीरहेका थिए। उनले जवाफ दिए ठिक छ, यसको उत्तर सजिलो छ। यति पनि बुझ्दैनन् हजुरका पंडितहरुले कि यिनीहरुलाई मैले चमार किन भनें। यिनीहरुले मेरो शरीरलाई हेरीरहेका छन् कि आठ ठाउँमा बाङ्गो छ भनेर। अरे शरीरलाई के हेरीरहेका छौ ? शरीरमा केही कुरा हुँदैन र यदि केही कुरा हुन्छ भने पनि यो चर्मचक्षुले हेर्न सकिन्न। भगवान्को शरीर दिव्य चिन्मय तपाईंले सुन्नु भएको होला। तर जब तपाईंहरुले हेर्नु हुन्छ तब त्यो शरीर त देखिदैन यी पञ्चमहाभूतको नयनले यस सांसारिक आँखाले। अनि त्यहाँ तपाईंले के पाउनु भयो।

**जाकी रही भवना जैसी। प्रभु मूरति देखि तिन तैसी॥**

जस्तो तपाईंको भावना थियो, जस्तो तपाईंको आत्माको अनुभूति थियो, आध्यात्मिक शक्तिको, त्यसै प्रकार तपाईंले देख्नुभयो। यसकारण भगवान्को शरीरलाई यदि तपाईंले देख्नुभयो भने त्यो दिव्यतम पाउनुहुने छैन, यो वास्तविकता हो। त्यो त महापुरुषहरुलाई प्राप्त हुन्छ, त्यस्तै महापुरुषको शरीरमा पनि यदि अलौकिकता छ भने तपाईंले देख्न सक्नुहुने छैन। यसकारण हामीले बुद्धि लगाउने जुन गल्ति गऱ्यौ पहिलो गल्ति यही गऱ्यौ। दोस्रो गल्ति उनको वाक्य नम्बर १, क्रिया नम्बर २, चेष्टा नम्बर ३, यिनीहरुलाई रीड (अध्ययन) गर्ने प्रयास गऱ्यौ। यिनले के बोल्दछन्? यस्तो बोले। यस्तो किन बोले ? यिनी महापुरुष होइनन्। यिनले के गर्छन् ? यस्तो किन गरे ? महापुरुष होइनन्।

एक पटक गोपीहरुले व्रत गरेका थिए। श्रीकृष्ण कहाँ गए र भनीन महाराज ! "कुनै महात्मालाई भोजन गराउनु छ, हजुरले भन्न सक्नु हुन्छ कि को ठुलो महात्मा हुनहुन्छ ?" श्रीकृष्णले भन्नु भयो - "मेरा गुरुजी हुनुहुन्छ, दुर्वासाजी, तर उहाँ यमुना पारी बस्नुहुन्छ। त्यहाँ जानु, उहाँलाई ख्वाउदा भइ हाल्छ।" महाराज ! उहाँ यमुना पारी बस्नु हुन्छ, रातीको समय छ, हामीलाई व्रतको पारायण गराउनु छ। रातीको समयमा कुनै डुङ्गा पनि जाँदैन। हामी कसरी जाऊँ ? यो भदौको यमुना कसरी तरौं ? श्रीकृष्णले भन्नुभयो "यमुना किनारामा गएर भन्नु कि यदि श्रीकृष्ण अखण्ड ब्रह्मचारी हुनुहुन्छ भने हे यमुना, हामीलाई बाटो छाडीदेऊ।" अनि गोपीहरु हाँस्न थाले, एक आपसमा हेरी भन्न थाले - हेर यो अखण्ड ब्रह्मचारीलाई। अनन्त स्त्रीहरु जसका छन्, उनी अखण्ड ब्रह्मचारी हुन रे। अरे! जो सुकै जीवले पनि श्रीकृष्णलाई प्रियतम मानेर प्रेम गऱ्यो ऊ श्रीकृष्णको स्त्री भइ हाल्यो। अनि ललिता, विशाखा सबैले आपसमा शङ्का गरे। तर भने भईहाल्यो, भनी दिऊँ, भन्नमा के बिग्रन्छ र हेरौं न भयो भने यिनीकहाँ आएर कान समातौंला। सबैले गएर भने "हे यमुना माता ! यदि श्रीकृष्ण अखण्ड ब्रह्मचारी हुन भने हामीलाई बाटो छाडीदिनु। श्रीकृष्णका गुरु दुर्वासालाई भोजन गराउनु छ", यमुनाले बाटो छाडीदिईन। अब सबै सखीहरुलाई आश्चर्य भयो, यो के भएको हो ? यमुना पनि श्रीकृष्णसँग मिलेकी रहिछन्।

उनीहरु गए यमुना पारी। दुर्वासा ऋषीलाई खुब खुवाए। हलुवा, पुरी, अनेक मिष्टान्न व्यञ्जन ५६ प्रकारका लिएर गएका थिए, दुर्वासाले खाँदै गरे, खाँदै गरे। गोपीहरुलाई पनि सुख मिल्यो, अरे! यिनका गुरुजी बडो असल रहेछन् तर अली खञ्चुवा रहेछन्। कुम्भकरण पछि यिनकै नाम रहेछ। तर यस्तो न सोच, महात्मा हुन्, खै के कुरा हो थाहा छैन। अनि उनीहरुले भने - "महाराज! हामी यमुना पारी जान चाहन्छौं, अहिले राती नै। हाम्रा घर मा परिवारहरु पर्खिरहेका होलान, अब यमुना कसरी पार गर्ने होला ?" उनले भने - "जाओ, यमुनालाई भनीदिओ कि दुर्वासाले दूबो (एक प्रकारको घाँस) बाहेक कहिल्यै केही खाएका छैनन् भने यमुनाले बाटो छाडीदिनु।" गोपीहरुले सोचे - भर्खरै यति धेरै हामीले ख्वायौं र यिनले सारा जीवन भरी दूबो मात्र खाएका छन् ? तर पनि गोपीहरुले भने - "जाउँ, भनेर त हेरौं" र भने अनि बाटो पाए यमुनामा। अब अझ शङ्का भयो कि श्रीकृष्ण अखण्ड ब्रह्मचारी हुन् र दुर्वासा केवल दूबो खान्छन्। यसको समाधानका लागि श्रीकृष्ण कहाँ गए गोपीहरु।

भगवान् र महापुरुषसँग एउटा पावर हुन्छ, त्यसको नाम हो योगमाया। योगमायाको शक्तिको मतलब हो - आफ्नो व्यक्तित्त्वमा रहोस् र मायाको कार्य पनि गरोस्। ध्यान दिनुस् जस्तो तपाईंहरुले सामान्य किसिमको उदाहरण देख्नु भएको होला फिल्महरुमा। रुने एक्टिङ गर्छन् हाँस्ने एक्टिङ गर्छन्, प्रेमको एक्टिङ गर्छन्, बेहोसीको एक्टिङ गर्छन्, मरेको एक्टिङ पनि गर्छन्।

यी बिचरा जीवहरु आफ्नो शक्ति अनुसारको एक्टिङ्ग गर्छन् । तर भगवान्सँग त योगमायाको शक्ति छ । योगको अर्थ ? आफ्नो व्यक्तित्वमा सम्पर्क भइराखोस् । त्यसमा गडबड न होस् र मायाको कार्य पनि गरोस् । जसरी कमलको पातमा पानी रहन्छ तर कमलको पातमा त्यसको सम्पर्क भने रहँदैन । त्यो मोती जस्तो हल्लीरहेको हुन्छ त्यस पातको माथि । त्यसरी नै भगवान् अनन्त कोटी ब्रह्माण्डको सृष्टी गर्नु हुन्छ यति फोहर कार्य सबै । तर सदा आनन्दमा रहनु हुन्छ, उनलाई टेन्सन हुँदैन । हामीहरुको चार छ बच्चाहरु हुन्छन्, एउटा श्रीमति हुन्छे, एउटा आमा हुनुहुन्छ, एउटा बुवा हुनुहुन्छ । यी आठ दश जनामै सम्पूर्ण जीवन परेशान रहन्छौं । के भयो तपाईँलाई, टेन्सन । बस यही एक शब्द हामी सबै ठाउँमा प्रयोग गर्छौं । आजकाल बडो टेन्सन चलीरहेको छ । अरे टेन्सन त जबसम्म माया रहन्छ तब सम्म त भइ नै रहन्छ । एउटा डक्टरले एउटा रोगीलाई त्यतिकै भनिदिएछ तिमीलाई धेरै टेन्सन छ, टेन्सन हटाई हाल । मैले भने, डक्टर साब, यदि रोगी न आए भने तपाईँलाई पनि त टेन्सन हुन्छ होला । भगवत्प्राप्ति भन्दा अघी कसैलाई कहिल्यै टेन्सन रहित अवस्था प्राप्त भएको छ र ? यो टेन्सन जुन छ, यो टेन्सन किन हुन्छ ? ईच्छाहरु बनाउनाको कारणले । ईच्छा बन्यो भने त्यसलाई पुरा गर्नका लागि टेन्सन आउँछ । सबैलाई हुन्छ । स्वर्ग सम्राट ईन्द्रलाई पनि हुन्छ, मनुष्यलाई त के भन्ने । अब हेर चार छ टेन्सनका कारणले हामी जीवन भरी परेशान रहन्छौं र अनन्त कोटी ब्रह्माण्डको निर्माता स्रष्टा, द्रष्टा र कर्महरुलाई नोट गर्नु अनेक कार्य गर्दा पनि भगवान् यही योगमायाको कारण सदा आनन्दमय रहनुहुन्छ । त्यही योगमाया भगवान्ले महापुरुषलाई दिनुहुन्छ । त्यही योगमायाद्वारा अर्जुन करोडौं हत्या गर्छन् र साथमा सदा भगवान् श्रीकृष्णको साथमा रहन्छ उसको मन । हनुमानजीले यति धेरै रावणको परिवारवालाहरुको हत्या गरे र लङ्कामा आगो लगाए, सबै कुरो गरे तर सदा सितारामलाई देख्छन् । एक क्षण पनि खाली  न राखेर । यसै प्रकार समस्त महापुरुषहरुको इतिहासमा जुन तपाईंहरु काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, इर्ष्या, द्वेष, पाखण्ड आदिको उदाहरण पढ्नुहुन्छ, ती सबै योगमाया द्वारा हुने गर्दछ । यसकारण महापुरुषहरुले भन्दछन् कि हेर –

**उत्पत्ति पाण्डु सुतन की करनी, सुनी सत पंथ डर्यो ।**
**ते त्रैलोक्य पूज्य पावन यश सुनि सुनि लोक तर्यो॥ (विनय पत्रिका)**

पाँच पाण्डवका पाँच जना बुवा थिए, कति खराब चरित्र । पाँचै जनाले एउटी मात्र श्रीमति बनाए, अर्को आश्चर्य । यी छ जना नै महापुरुष हुन् – पाँच पाण्डव र उनीहरुकी श्रीमति द्रौपदि पनि महापुरुष । तर त्यस समयमा जब मानिसहरुले देखेका होलान्, सुनेका होलान्, यो युधीष्ठिर, यो भिमसेन, नकुल, सहदेव, अर्जुन, अनि यो यिनीहरुका बिचमा छिन यिनकी पत्नी हुन् । कसो ? यिनी पाँचैजनाकी हुन्, त्यस समयमा तपाइँहरुले अट्टहास गर्नु भएको होला – यो पनि गजब छ । यिनीहरु आपसमा लडाई झगडा गर्दैनन् । होईन होईन, उनी एक महिना एउटा की पत्नी हुन्छिन् दोस्रो महिना अर्को की, यसरी पाँच महिना पछि फेरी पालो आउँछ । कस्तो कमाल रहेछ ? तर थाहा छ यी सबै महापुरुष हुन्, भगवत्प्राप्ति गरेका छन् । यो कुरा तपाइँले भनी रहनु भएको छ, त्यसो भए तपाइँलाई पनि नमस्कार, यी पाण्डवहरुलाई पनि र यिनीहरुका भगवान्लाई पनि नमस्कार । त्यस समय हामीहरुले यही भनेका थियौं र आज त गदहालाई पनि महापुरुष मान्न तयार छौं, यदि ऊ यस संसारमा छैन भने । हो भगवान् र महापुरुष योगमायाले सबै कार्य गर्दछन्, यसकारण –

**किए चरित पावन परम प्राकृत नर अनुरुप ।**

प्राकृत मनुष्य सरह उनका सबै कार्य हुन्छन् तर उनीहरु प्राकृत होइनन् । उनी मनुष्य अनुरुप समान देखिन्छन् । उनको वास्तविकता अलौकिक छ, दिव्य छ । हामीलाई योगमायाको कार्यको अनुभव छैन, हामी त मायाको अधिनमा छौं, त्यति मात्र जान्दछौं । त्यो भन्दा अगाडिको हामीलाई अनुभव छैन । यसकारण हामीले अनादिकालदेखि अहिलेसम्म कुनै महापुरुषलाई चिन्न सकेनौं, बुझ्न सकेनौं र न यस बुद्धिले कहिल्यै जान्न सक्छौं ।

भारतको कानून अमेरिका वा रसियामा लागु हुँदैन । जुन दिमाग छ हाम्रो पञ्च महाभूतको विचारहरुद्वारा भरिएको छ, मैटेरियल छ, यही तपाइँको अनुभव भयो अनादिकालदेखि आज सम्म । अनि तपाइँले कसरी नाप्न सक्नु हुन्छ र ?

राधे राधे गोविन्द गोविन्द राधे । राधे राधे गोविन्द, गोविन्द राधे ॥


**जगद्गुरु श्री कृपालु जी महाराज**
**(साभार: "श्रद्धा" पुस्तकबाट)**





## जगद्गुरूत्तम सन्देश

ब्रह्म, जीव एवं माया- यी तीन नित्य तत्त्व हुन् । ब्रह्म उपास्य हुन्, जीव उपासक हो । उपासना मनले नै गर्ने हो । ब्रह्मका दुई स्वरुप छन् - निराकार र साकार । निराकार ब्रह्मको भक्ति गर्न अत्यन्त कठिन छ । कलियुगमा त असम्भवजस्तै छ । अतएव साकार ब्रह्म श्रीकृष्णकै भक्ति गर्नुपर्छ । भक्तिको प्रमुख तत्त्व रुपध्यान हो, साथै संकीर्तन पनि गर्नुपर्छ । रुपध्यान गर्दा साधकको इच्छाअनुसारको रुप बनाउन सकिन्छ । यसरी हरि-गुरु को रुपध्यान गर्दै रोएर दिव्य-प्रेम माग्नपुर्छ । मोक्षको समते कामना गर्नु हुँदैन । कुसङ्ग र नामापराधबाट सधैं जोगिनुपर्छ ।



## तपाईको जिज्ञासा, स्वामी श्रीहरिदासजीको समाधान

**भाग – १३३**

**स्वामीजी मलाई भगवत्प्राप्ति गर्नु अगाडि मानिस कुन अवस्थामा हुन्छ भनेर स्वामीजीसँग यो प्रश्न गर्न मन लागेको छ। कुन अवस्थामा मानिस छ छ, छ छैन, छैन छ, छैन छैन, अवस्थामा रहन्छ ? प्रस्ट पारिदिनुहुन अनुरोध गर्दछु।**

भगवत्प्राप्ति अगाडि कुन अवस्थामा थियौं ? अरे चौरासी लाख प्रकारको योनिमा थियौं। संसारमा ४ प्रकारका व्यक्ति हुन्छन्। त यसको जवाफ यो हो प्राचीन कालमा एक दरबारमा यो प्रश्न आयो। राजाले सोधे कि यो प्रश्नको जवाफ के हो त ? एक विद्वान मन्त्रीले म जवाफ दिन्छु भने। जवाफ दिनलाई ४ प्रकारका प्रेक्टिकल चिज पनि लिएर आए जसमध्ये एक थिए व्यापारी, एक थिए बजारकी महिला, एक दरिद्र व्यक्ति, एक महात्मा। यी चार व्यक्तिलाई लिएर दरबारमा आए राजाको अगाडि प्रश्नको जवाफ दिँदै भने यो व्यापारी यसले संसारमा कमाई धमाई गरेको छ। यहाँ पनि भरपुर छ र वहाँको लागि पनि दान धर्म गरेको छ आदि। यहाँको अवस्था पनि ठिकठाक छ, मरेपछि वहाँलाई पनि ठिकठाक गरेको छ तसर्थ छ, छ। त बजार महिला जो छ यसको यहाँ सब ठिकठाक छ। ठूला ठूला महाराज पनि यसको पिछा छन्। त यसको सब थोक छ, गाडी बङ्गला नोकर चाकर सब। त यहाँ त छ वहाँ छैनको उत्तर। अर्को महात्माजीको यहाँ केही छैन त वहाँ त्यसैले छैन छ र एक दरिद्र व्यक्ति जसको दाल रोटी खान छैन, अहिले खाए भरे के खाउँ भरे खाए भोलि के खाउँ भन्ने छ, वाहाँको लागि के गर्नु यहाँ पनि छैन वहाँ पनि छैन, यही हो छैन छैनको उत्तर। यही चार प्रकारको त सबै चाहन्छन्। यहाँ पनि होस् वहाँ पनि होस्। त्यसैले त कर्मयोग हो संसारमा अनाशक्त भएर काम गर। जसरी एक नर्सले हस्पिटलमा ड्युटी गर्छे सब बिरामी हेर बिचार हामीले भन्दा राम्रो गर्छे तर आशक्ति रहित छे। ठिक भएपनि उसले हाँसीदिन्छे, भित्रबाट खुसी हुँदिन। मरिहाले पनि सरी भन्छे, भित्रबाट दुखी हुँदिन। अनासक्त भएर गर्छे। यसै प्रकारले हामीलाई पनि परिवारमा ड्युटी गर्नुछ।



# सकाम निष्काम प्रेम

**'सकाम'** शब्द सुन्नु भएको होला तपाइँहरुले र एउटा **'निष्काम'** शब्द हुन्छ । यो सकाम कैयन प्रकारको हुन्छ । एउटा सकाम हुन्छ जुन भगवान्‌सँग हामी संसार माँग्छौं । खास गरी संसार माँग्नु र भगवान् प्रतिको प्रेम एउटा होइन । कम्प्लिट सरेन्डर (पूर्ण शरणागति) होइन । पूर्ण सम्बन्ध छैन । यो त यस्तो ठट्टा जस्तै भयो जस्तै - कुनै गाडी गइरहेको छ र हामी लिफ्ट मागौं बिना चिनजान कै । "सुन्नु होस् त १ अली गाडी रोक्नु होस् ।" "के कुरा हो ?" "मलाई जानु छ सेवा कुंज" "म संग समय छैन, र ठाउँ पनि छैन, मलाई त्यहाँ जानु छैन....." किनभने ऊसँग सम्बन्ध त छैन । यदि सम्बन्ध छ भने - "अरे श्रीवास्तवजी, हजुर आएर राम्रै भयो । हेर्नोस् मेरो छोराको दुर्घटना भएछ, अस्पताल पुर्याउनु छ " । उनले भन्ने छन् "ठिक छ, आउनुस आउनुस, म पुऱ्याईदिन्छु" किनभने सम्बन्ध छ । अब जब सम्बन्ध नै छैन भगवान्‌सँग, अपठ्यारो पऱ्यो भने हामीले भन्यौं - हे भगवान् ! दया गर, कृपा गर, मेरो लागि यो गरिदेऊ, त्यो गरिदेऊ । प्राय: उनान्सय प्रतिशत संसारमा यस्तै सकाम नै छ । मन्दिरहरुमा गएर, बाबाजीहरु कहाँ गएर, भाखल माग्छन् बिना सम्बन्ध कै ।

अर्का थरी हुन्छन् - जसको पूर्ण शरणागति पूर्ण सम्बन्ध भगवान्‌सँग हुन्छ । जस्तै ध्रुव आदि । यिनीहरु संसार माँग्छन् । ध्रुवको अपमान भएको थियो अनि उनी संसार माग्नका लागि कि राज्य मलाई प्राप्त होस्, भगवान् कहाँ पुगे । यस्ता धेरै छन् । द्रौपदिले पुकार गरिन् , गजराजले पुकार गरे, यस्ता धेरै भक्तहरु भएका छन् जसले शरीरका लागि, संसार को सुखका लागि कामना गरे र भगवान्‌सँग माँगे, भगवान्‌ले दिनु पनि भयो । उनले त जे सुकै माँग्नुस दिइ हाल्छन् । तिम्रो नोक्सान्होस् वा फाइदा होस् त्यो तिमी जान । जो अल्पज्ञ छन् उनीहरु दुई प्रकारका हुन्छन् । एउटा त घोर मूर्ख छन् जसले बिना सम्बन्ध कै माँग्छन् । उसलाई केही पनि प्राप्त हुँदैन । तर बाइचान्स कोही पुत्रको कामना लिएर बैष्णोदेवी गयो र उसलाई पुत्र लाभ भयो । अनि उसले भन्यो - "जय हो ! जय हो ! माताजी ले सुन्नु भएछ मेरो प्रार्थना ।" दोस्रो पटक त्यो छोरा गम्भिर बिरामी भयो, अनि फेरी माताजी काहाँ पुगे - "आमा उसलाई बचाउनु होस्" । ऊ मऱ्यो । "अरे केही होईन । कुनै बैष्णो देवी छैन ।"ऊ नास्तिक हुनेछ । यो त घोर मुर्ख्याइँ हो । संसारमा पनि यस्तो कसैले गर्दैन कि अपरिचित कहाँ गएर भनोस - "लौ न मलाई दस लाख दिनुहोस् , छोरीको विवाह गर्नुछ" । कसले पो दिन्छ त्यतिकै । नम्बर दुई वाला जो छन् भगवान्‌सँग सम्बन्ध छ, प्रेम छ, शरणागति छ र संसार माग्दछ उसलाई भगवान्‌ले त दिनु हुन्छ तर त्यो घोर मूर्ख हो । भागवत मा भनिएको छ -

**दुराराध्यं समाराध्य विष्णुं सर्वेश्वरेश्वरम् ।**
**यो वृणीते मनोग्राह्यमसत्वात् कुमनीष्यसौ ।**

(भाग. १०-४८-११)

जसले भगवान्सँग संसार माग्दछ त्यो घोर मूर्ख हो। 'मनोग्राह्य' माने संसार। अरे! भगवान्सँग त अनन्त वस्तुहरु छन् अलौकिक, स्पिरिचुअल, दिव्यानन्द, दिव्यज्ञान, दिव्यलोक, सबै चिजहरु दिव्य दिव्य, ती सबै छाडेर संसार माग्दछ। तर भगवान्ले दिनुहुन्छ उसलाई। पछि उसलाई संसारबाट वैराग्य हुन पनि सक्छ। ध्रुवलाई पनि भएको थियो। अनि भगवान्सँग उनले भनेका थिए- "महाराज! म बाट गल्ति हुन गयो। संसारको कामना राखेर मैले हजुरको भक्ति गरें। अब मलाई संसार चाहिंदैन।" अनि भगवान्ले भन्नु भयो - "हेर भाइ, मेरो बदनामी हुन्छ कि संसार मागेर पनि भगवान्ले संसार दिनु भएन। तिमीले राज्य गर्नु पर्छ। जाऊ, छत्तिस हजार वर्ष राज्य गर, त्यस पछि म फेरि तिमीलाई आफुकहाँ बोलाउने छु।" यसप्रकार सकाम भक्त जो यस प्रकारका हुन्छन्, उसको पनि कल्याण हुन्छ पछि, तर त्यो मूर्ख नै हो।

र तेस्रो हुन्छ सकाम भक्त जसले भगवान्सँग नै भगवान्को सामान माँग्दछ। जस्तै आँखाले भगवान्को दर्शन, कानले, नासिकाले, रसनाले, त्वचाले, सबै इन्द्रियहरुबाट भगवान्लाई माग्दछ। संसार माँग्दैन। 'मनोग्राह्य' लाई माँग्दैन, मायिक वस्तु माँग्दैन। यी उच्च कोटी का हुन्। हो त सकाम नै, तर उच्च कोटीको हो। यो उसले किन माँग्दछ भगवान्सँग ? नम्बर एक - यसकारण कि संसार को एटैचमेन्ट (आशक्ति) समाप्त होस्, यो फाईदा पायो पहिलो। नम्बर दुई, जब भगवान्सँग भेट हुन्छ, मानिलेऊ आँखाले दर्शन चाहेको छ र भगवान्को दर्शन पायो। अनि भगवान्ले सोध्नु हुनेछ 'किन बोलायौ मलाई तिमीले ?' 'खाली दर्शनका लागि बोलाएको ?' 'होइन होइन महाराज! हाम्रा गुरुजी ले भन्नु भएको छ कि भगवान्सँग भेट भयो भने उनीसँग प्रेम माग्नु।' 'प्रेम, दिव्य प्रेम', 'के गर्छौ लिएर दिव्य प्रेम, अरु केही चिज लेऊ'। 'होईन महाराज! दिव्य प्रेम दिनु भयो भने हजुरको सेवा गर्नेछु। हजुरलाई सुख दिनेछु। आफ्नो सुखको लागि माँगीरहेको छैन। हजुरसँग सामान माँगेर हजुरको सेवा गर्नेछु।' यो निष्काम भयो। अर्थात् सकामको प्रारम्भ भयो, उनको दर्शन माँग्यौ, तर दर्शन नै अन्तिम लक्ष्य होइन, अन्तिम लक्ष्य हो निष्कामता। सेवा गर्नु। यो प्रेम माँग्नका लागि उनलाई बोलायौ। यो सकाम बन्दनीय छ, श्रेष्ठ छ, किनभने यसको लक्ष्य निष्काम हो। यो गर्नु पर्नेछ सबैले। भगवान्को दर्शन हुनु यो सबै आफ्नो सुखको लागि भनिरहेको छैन। हामी उनको सेवा गर्ने छौं, उनीलाई सुख दिनेछौं, यसकारण उनको दर्शन चाहन्छौं। यो निष्काम प्रप्त गर्नका लागि गरिएको सकाम हो। यो सबैले गर्नु छ र सबैले गर्दछन् पनि। सबै ठुला ठुला महापुरुषहरुले। भगवान्को कामना नै समाप्त भइ हाल्यो भने अनि प्रेम के भयो र ? हामी दर्शन चाहदैनौ उनीलाई कष्ट होला, यो त नास्तिक ले पनि भनिदिन्छ बसी बसी। बडो राम्रो गर्नु भयो! तपाइँ भक्ति-वक्ति गर्नु हुन्न ? हो हजुर, हेर्नुहोस् कुरा यस्तो छ कि हामी त निष्काम हौं। हामी भक्ति गरौं, उनको दर्शन, उनीलाई कष्ट दिउँ, हामी यो चाहदैनौं। यस प्रकारको निष्काम पागलपन हो। त्यो निष्काम नास्तिक हो।

भगवान्को दर्शन आदिको कामना त हुनै पर्छ। संसार वा मोक्ष यी चिजहरु भगवान्सँग माँग्नु निन्दनीय हो। यतिसम्म कि यो लोकमा रहन आदिको कामना पनि नराम्रो होइन। अरे! त्यो त अन्तिम कक्षाका चिजहरु हुन्। तर त्यस भन्दा पनि एक कदम अगाडि निष्काम भक्त हुन्छ जसले उनको इच्छा अनुसार चाहन्छ, बस अरु केही चाहदैन। हजुरको इच्छा हुन्छ भने हजुरको संगमा रहन पाऊँ, हजुरको इच्छा हुन्छ होइन तिमी त्यहाँ जाऊ प्रचार गर। हस्, जस्तो हजुरको आज्ञा। जाऊ तिमी यसो न गर, यसो गर। बिलकुल त्यस्तै गर्नेछु। जसरी हजुरलाई सुख मिलोस्। एउटा लक्ष्य। यो सकाम निष्कामको संक्षिप्त रहस्य हो।

जगद्गुरु श्री कृपालु जी महाराज
(साभार : "प्रश्नोत्तरी भाग-३")



**हाम्री परमादरणीय बडी दिदीले विभिन्न स्थानहरुमा साधक जनहरुलाई गुरु निर्देशित भक्ति मार्गमा अगि बढ्न तथा समय र साधनामा विशेष जोड् दिँदै दिव्य उपदेशहरु बताउनु भयो जस मध्ये केही अङ्श यहाँ प्रस्तुत गरिएका छन् । यिनको अवलम्बन तथा अनुशरणबाट साधकहरुलाई भक्ति मार्गमा अगाडि बढ्ने प्रेरणा अवश्य मिल्ने छ ।**

तिमीले यो सोच कि यी मेरी (हाम्री) दिदी हुन्, यिनले भन्नुहुन्छ कि 'गुरुलाई खुशी गर्‍यो भने मात्र सवैथोक पाइने छ' त ठिकै छ। तिमीले गुरुलाई खुसी पार, उनलाई प्यार गर, उनीबाट नै सवैथोक पाइने छ तसर्थ श्रीमहाराजजीलाई देखेको छ कि छैन ; भगवान् र महापुरुषलाई कसैले पहिले नै देखि सक्यो यो जरुरी छैन, देखेर पनि केही हुँदैन, जसले देखेका छैन उनको भित्री हृदयमा ब्याकुलता त छ । कि 'आहा ! मैले पनि देख्न पाए हुन्थ्यो।' त उसको आँखाबाट आँसु आउने छ, भित्रै बाटै छटपटी हुने छ कि हेर 'मैले त हेर्नै पाइन, म कति अभागी छु'। ठिकै छ मलाई यो जन्ममा मिलेनन् भने अर्को जन्ममा त मिल्ने छन्। यदि हामी उन (गुरु) लाई प्यार गर्नेछौं, उहाको भक्ति गर्ने छौं भने उहाँ हामीलाई अवश्य मिल्ने छन् ।



कल्याण त होला गुरुवर सित प्यार गरेमा मात्र नै किन कि हामी पनि उनैलाई प्यार गर्छौ र हामी पनि उन (गुरु) कै लागि गर्छौं र त यो



नसोच्नु होस् कि मेरो लागि केही नगर, उनै (गुरु) का लागि गर र विश्वास गर कि हो दिदी हामीलाई त्यहाँ (गुरु समक्ष) सम्म दिएर जान चाहनुहुन्छ । मेरो (हाम्रो) प्यारको लागि तिमीहरु बस एक यही भिक्षा देऊ कि तिमी मात्र उन (गुरु) सित प्यार गर हामी (म) जे चाहन्छु त्यहि गर ।




गुरु मिल्ने छन्, अवश्य मिल्ने छन् तसर्थ मनमा निराशा कहिल्यै पनि लिनु हुँदैन, निराशा नै सवैभन्दा ठुलो शस्त्रु हो। यो मार्गमा श्रीमहाराजजी भन्नुहुन्छ कि 'निराशा कहिल्यै पनि ल्याउनु हुँदैन कि उनी (गुरु) मिल्ने छैनन् । अनन्त जीवहलाई मिल्नु (पाइनु) भएको छ उहाँ (गुरु), मनुष्यहरुले भगवद् प्राप्ति गरेका छन्, ठिक छ उनीहरु पनि हामीहरु जस्तै त थिए होलान् । आज भइरहेको छैन, हाम्रो मन लागिरहेको छैन भने त्यो मनलाई अन्तबाट जबरजस्ती खिचेर गुरुमा लगाऊ, फेरी हट्छ भने फेरी लगाऊ त्यसलाई पटक पटक लगाउनु पर्ने छ। यस्तो कोसिस त गर्नुपर्ने छ, कोसिस बिना त केही पनि हुने छैन । हामीले भनेर या श्रीमहाराजजीले भनेरै मात्रै केही हुँनेछैन, कोसिस त तिमीहरु स्वयम्ले गर्नु पर्ने छ । गुरुले सवैलाई सम्झाई बुझाई सक्नु भएको छ । त्यसलाई पटक पटक याद (स्मरण) गर, चिन्तन मनन गर, पाइनु (मिल्नु) हुनेछ, अवश्य पाइनुहुने छ। हमेशा श्रीमहाराजजीले भन्नु हुन्छ कि यसैबाट अन्तःकरण शुद्ध हुनेछ कि जति जति मात्रामा गुरुधामको सेवा गर्ने छौ

त्यति नै अघि बढ्ने छौ तसर्थ सेवा गर्दै जाऊ, जे सेवा पाइयो, जस्तो प्रकारको सेवा पाइयो, सेवा गर्दै जाऊ । महाराजजी भन्नुहुन्थ्यो कि सेवा नै साधना हो । हामीहरुले हाम्रो आफ्नो अन्तःकरण शुद्ध गर्नको लागि अति तल्लो भन्दा तल्लो स्तरको सेवा पनि गर्नैपर्छ ।






उधार नगर, उन (गुरु) को स्मरण गर, उहाँले बताउनु भएको साधना गर, राधे नामको जप श्वासबाट गर, जे गुरुले हामीलाई बताउनु भएको छ त्यो हामीले गर्नुपर्ने छ । हामीसित समय धेरै कम छ, कहिले कसरी संसार छोडेर जानुपर्छ केही थाहा छैन । भर्खरै मनगढधाममा दुई जनाको मृत्यु भयो । यस्तो लाग्छ कि कसैले कुनै पनि समयमा यो संसार छोडेर जानुपर्छ, केही थाहा छैन । तसर्थ ! हर समय राधे नामको जप गर, अनावश्यक कुराकानी नगर मात्र गुरुकै चिन्तन, उहाँकै स्मरण गर, बस ! हामीले यही नै गर्नु छ ।





कृपा त मात्र महाराजजीले नै गर्नुहुन्छ, हरिगुरुले नै मात्र कृपा गर्छन् । हामीहरु त मात्र तिमीहरुको सहयोगी (हेल्पर) हौं कि तिमी गुरुतिर अगि बढ, यसै कारण हामी यहाँ बसेका छौ र हामीहरु सबै उपर कृपा गर्नुहुने हरिगुरु नै हुन् तसर्थ मात्र गुरुको शरणागति गर्नु छ ।



उनैलाई सर्वस्व मान्नु छ, नसोच कि हामी केही खास हौ। हामी त यो कारणले बसेका छौ कि तपाइँहरुलाई गुरु समक्ष लैजानु छ, तपाइँहरु कुनै प्रकारले भए पनि अगि बढ्नुहोस्, भगवान् गुरुतर्फ मन लागोस्, तसर्थ हर समय यो सोच कि गुरु हाम्रो साथमा हुनुहुन्छ, हाम्रो हृदयमा बसीरहनुभएको छ। सिद्धान्त सुन्दै रह्यो भने दिमागमा अनावश्यक कुरा आउन पाउदैन। पटक पटक सिद्धान्त सुन र त्यसलाई चिन्तन मनन गर त्यही भएर त श्रीमहाराजजीले यत्तिका धेरै प्रवचन दिनुभयो। पटक पटक सिद्धान्त सुन र गुरुले के भन्नुहुन्छ त्यसको अनुशरण गरेर अगि बढ्नु छ र साधना गर्नुछ। यो सोच कि हामीहरुलाई केही नमान, हामीहरु दिदी हौ, हामी तपाइँहरुको सहयोगी मात्र हौं।

साधना गर्नु छ, साधना भयो भने सिद्ध हुने छौ भाइ, साधना आफैले गर्नुपर्ने छ कसैले गरेर दिने छैन, त्यसैले साधना गर। साधना गर। साधना गर।.... निरन्तर हरिगुरुको स्मरण गर, श्वास श्वासले राधे नामको जप गर, खाली समय बरबाद नगर, सिद्धान्तलाई रिभाइज गर्दै रहू, श्रीमहाराजजस्ले यो कुरा बताउनु भएको छ कि हामी रिभिजन गर्दैनौं, यही हामी सवैको सबैभन्दा ठुलो कमजोरी हो। उधारो गर्न बन्द गर, दीनता, नम्रता सहनशीलता ल्याऊ।

**प्यारी प्यारी अम्मा की जय.....**

# आदरणीय बडी दिदी
# (संक्षिप्त परिचय)

"भगवान्, भगवान्को नाम, भगवान्को रुप, भगवान्को लीला, भगवान्को गुण, भगवान्को धाम, भगवान्का जन यी सवै भगवान्कै स्वरुप हुन्" भन्ने गूढतम रहस्य हामीले गुरु कृपाबाट नै थाहा पायौं । भगवान् जसलाई वेदादिले पनि पार लाउन सकेनन् र नेति नेति (न इति, न इति) अर्थात् भगवान् यत्ति नै हो भन्न सकेनन् र उनको आदि अन्त केही पनि थाहा छैन भनी हात उठाई दिए, उनै भगवान्को अनेकौं रुपमा अवतरित भएका उनका अनेकौं जन अर्थात् परिकरहरुको बारेमा हामी तुच्छ बुद्धि भएका मूर्ख जीवले के बयान गर्न सकौंला । यस अर्थमा भन्ने हो भने यो त सूर्यलाई एउटा फिल्काको सानो अंशले चिनाउन खोजे जस्तो मात्रै हो । यस्तै प्रश्नचिन्ह अहिले उपरोक्त शीर्षकमा कलम चलाउँदा उत्पन्न भएको छ । हाम्री परमादरणीय ममतामयी, वात्सल्यमयी, भक्तिमयी बडी दिदी सुश्री डा. विशाखा त्रिपाठी जो हाम्रा परम प्यारा गुरुदेव जगद्गुरुत्तम श्री कृपालु जी महाराजकी ज्येष्ठ सुपुत्री हुनुहुन्छ ।

गुरु कृपाबाट यो कुरा सर्वविदितै छ कि गुरु र भगवान्मा कुनै भेद छैन किन भने भगवान् स्वयम् गुरु रुपमा अवतार भएर जीवहरुको कल्याणार्थ अनेकौं लीला गर्नुहुन्छ । गुरु चाहे नित्य सिद्ध महापुरुष होऊन वा साधन सिद्ध महापुरुष होऊन, भगवद् प्राप्ति पश्चात उनी भगवद् स्परुप नै हुन्छन् – '**जानत तुमहिं तम्हहिं ह्वै जाई ।**' विभिन्न वेदशास्त्रादिका तथ्य वचनहरुबाट प्रमाणित भएका आधारमा हामी सवैले आफ्ना गुरुवरलाई स्वयम् श्रीराधाकृष्ण कै अवतारका रुपमा सहर्ष सहृदय स्वीकार गरेका छौं भने यस्ता भगवद्स्वरुप गुरुदेवकी सुपुत्रीका रुपमा (गुरुपरिवारको सदस्यका रुपमा) आउने व्यक्तित्त्व उनै भगवान्को स्वाङ्श बाहेक अन्य कुनै हुनै सक्दैनन् । तसर्थ गुरु परिवारका साथै कुनै पनि गुरु जनका प्रति हामीले के शव्दमा विचार राख्न सक्छौं र ?

तर पनि यो वर्ष हामीले हाम्री बडी दिदीलाई भौतिक रुपमा गुमाउनु परेको अकल्पनीय पीडा परेको बखतमा उहाँ दिदीको बारेमा हाम्रा पाठक जनमा केही जानकारी पाउने इच्छा उत्पन्न भएको हुनसक्छ तसर्थ यही अभि प्रेरणाले हाम्रो प्रयासबाट उपलब्ध भएका दुईचार शव्दहरुबाट आदरणीय दिदीको संक्षिप्त परिचय राख्ने प्रयास गरेका छौं । यसमा कुनै त्रुटि भएमा श्री गुरुदेव एवं गुरुपरिवारको चरणमा क्षमा याचना समेत गर्दछौं ।

श्रीमहाराजजीले जीव कल्याणर्थ मनुष्य रुप धारण गरी यस धाममा सन् १९२२ को शरद्पूर्णिमाको दिव्य रात्रीमा गृहस्थी स्वरुपमा अवतार लिनुभयो र जन जन विचमा श्री कृपालु नामले भक्तिको महानतम रस व्रजरस वितरण गर्नुभयो । उनै जगद्गुरुत्तम श्री कृपालु जी महाराजले श्रीमती पद्मा देवीजीसँग विवाह गर्नुभयो । श्रीमति पद्मा देवीजीलाई साधकहरुले प्रेमले **अम्माजी** भनेर बोलाउनु हुन्छ । उनै अम्माजीको कोखबाट दोस्रो सन्तानका रुपमा सन् १९४५ फरवरी १६को दिन बडी दिदी पनि यस धराधाममा अवतीर्ण हुनुभयो । उहाँले श्रीमहाराजजीको एक विशेष आदर्श बोक्नु भएको परिकरको रुपमा स्थापित हुनुभयो । अनुभवीजनका मतनुसार उहाँ वाल्यकालमा अति भोली भाली र स्वतन्त्र भाव विचारकी सुन्दर सुशील हुनुहुन्थ्यो जो पनि उहाँलाई हेर्थे वडी दिदीले सुमधुर मुस्कानले उनको मन आकर्षित गरिदिनु हुन्थ्यो । उहाँ ५/६ वर्षको उमेरमा हुँदा देखि नै उहाँमा उच्च दिव्यताका विशेष गुणहरु प्रस्फुटित भएका हुन्थे । जब जब श्रीमहाराजजीले 'हरिबोल' नामसंकीर्तन गराउनु हुन्थ्यो त दिदीमा पनि दिव्य गुण उजागर हुन्थे र नाच्न थाल्नुहुन्थ्यो, गर्दा गर्दै एकातिर दिदी दिव्य भावावेशमा जानुहुन्थ्यो भने अर्को तर्फ श्रीमहाराजजी पनि भावावेशमा जानुहुन्थ्यो, त्यति बेला दिदीको भक्तिको स्वरुप सवै समक्ष खुल्ला देखिन्थ्यो । कालान्तरमा समयसँगै दिदीले सवै भाव समेट्दै गोप्य राख्दै जानुभयो ।

शिक्षा क्षेत्रमा समेत वडी दिदीको उच्च दखल थियो । इलाहावाद, वृन्दावन, आगरा, कानपुर आदि ठाँउहरुबाट उहाँले भौतिक शिक्षा अध्ययन गर्नुभयो र कानपुरबाट कला शास्त्रमा विद्यावारिधिको उच्च डिग्री प्राप्त गर्नु भयो ।

वाल्यकालमा नै आफ्नो रुचि अनुसार दिदीले वृन्दावन स्थित बाँके बिहारीजीको मन्दिर नजिकै बस्नुहुने एक जना शिक्षकबाट चित्रकलाको ज्ञान शीप हाँसिल गर्नु भयो र  एक उच्च चित्रकला प्रदर्शन गर्नुभयो । उहाँले तयार पार्नु भएका श्री महाराजजीका जीवन्त तस्विरहरु साक्षत् देखिन्छन् । यसको साथ साथै वडी दिदी एक उत्कृष्ट मयूर नृत्य कलाकारका रुपमा पनि देखिनु भयो। उहाँ वृन्दावनको सुप्रसिद्ध मयूर नृत्यमा प्रवीण हुनुहुन्थ्यो र श्रीमहाराजजीका विशेष पर्व र कार्यक्रमहरुमा मयूर नाच दिदीले नै प्रदर्शन गर्नुहुन्थ्यो ।

हाम्रा महाराजजीका पाँच सन्तानहरुमा सवैभन्दा ज्येष्ठ परमादरणीय वडे भैया भन्दा १८ महिना कान्छी हुनुहुन्थ्यो। दुई भाइ र तीन बहिनीहरु सवै श्रीमहाराजजीको आर्दश स्थापित गर्दै आफ्नो हिसावले लागि पर्नु भएको छ । दुवै भाइ (बडे भैया र छोटे भैया) गृहस्थ जीवन विताई श्रीमहाराजजजीको आर्दश स्थापना गरिरहनु भएको छ भने तीनवटै बहिनी (बडी दिदी, मज्ली दिदी एवं छोटी दिदी) हरुले सन्यास जीवनमा जानुभई गुरुप्रति आदर्श पूर्ण रुपेण समर्पित हुनुभयो । त्याग, तपस्या, सेवा साधना र विश्वासको आधारमा नै श्रीमहाराजजीले केही वर्ष पश्चात् स्थापना गर्नुभएको अन्तराष्ट्रिय संस्था (जगद्गुरु कृपालु परिषद) सञ्चालनको जिम्मेवारी वडी दिदीलाई सुम्पिदिनु भयो र उहाँलाई सन् २००० मा जगद्गुरु कृपालु परिषद्की अध्याक्षाको रुपमा स्थापित गरिदिनु भयो। यति ठुलो संस्था सञ्चालन गर्नु सामान्य व्यक्तिको बसको कुरो थिएन तर क्रमागत रुपले वडी दिदीको कार्य शैली यस्तो चमत्कारी हुँदै गयो कि उहाँले कुशलता पूर्वक परिषद्का विगतका र नयाँ थप गरिएका योजनाहरु सञ्चालन गर्नु भयो । श्रीमहाराजजीको गोलोक प्रयाण पश्चात् दिदीमा झनै परिवर्तन देखियो र महाराजजीवाट सञ्चालित विभिन्न धाम, स्कूल, कलेज, अस्पताल सेवा आदिका कार्य कुशलता पूर्वक प्रगति गर्दै सञ्चालन भइरहेका छन् । दिदीले गुरुधाममा थप सेवा तथा साधना बढाई दिनु भयो । प्रेम भवन, भक्ति मन्दिर, गुरु धाम मन्दिर, म्युजियम जस्ता ठुला ठुला प्रोजेक्टहरु सञ्चालन एवं सम्पन्न गर्नुभयो र धाम विस्तारमा अहोरात्र खटेर लाग्नुभयो।

आदरणीय बडी दिदीको निर्देशनमा तीनै दिदीहरुले कदममा कदम राखेर श्रीमहाराजजीको प्रवाहमा कुनै कसर बाँकी नराखी जनजनमा गुरुवरको सन्देश, कीर्ति फैलाउने कार्य गरिरहनु भयो। **'यथा नाम स्ततो गुण'** भने झै वडी दिदीले पनि नाम अनुसारकै गुणहरु प्रकट गरेर हामी जस्ता जीवहरुको कल्याणार्थ सम्पूर्ण जीवन हरिगुरु प्रति समर्पित गरि दिनु भयो । उहाँको नाम विशाखाको अर्थ जान्ने कुनै एउटा साधकको जिज्ञासामा श्रीमहाराजजी स्वयम्ले खुलस्त पारिदिनु भयो कि **'वि'** को अर्थ **विशेष** र **'शाखा'** को अर्थ **हाँङ्गो** (हाङ्गा) हो । दिव्य प्रेम भक्तिको हाङ्गो नै **'विशाखा'** हो ।

कुनै पनि विद्वान जसले कुनै पनि व्यक्ति वा वस्तु विशेष प्रति आ आफ्नै प्रकारको रुचि र चाहना अनुसार आफ्नो विचार बनाउनु स्वभाविकै हो। गुरु निर्दिष्ट हरिगुरु प्रीत्यर्थ निष्काम माधुर्य भक्ति रसका साधकहरुका निमित्त हाम्री बडी दिदी यस अर्थमा हाम्रा लागि गुरुबाट प्राप्त एक अनुपम उपहार नै हुनुहुन्थ्यो, श्रीमहाराजजीको जीवन काल तथा  गोलोक गमन पश्चात्का हरेक पल क्षणमा दिदीहरुले श्रीमहाराजजीका अनेकौं कार्यहरुमा तेलधारावत सेवा साधना आदि सम्पूर्ण कार्य गर्नु गराउनु भयो। सन्तजन प्रति भक्ति भाव पूर्ण निष्ठावान व्यवहार गर्न सक्नु र सो आदर्शमा कायम रहन सक्नु नै एक सच्चा साधकको कर्तव्य हुन जान्छ। उहाँहरुका बाहिरी व्यवहार र सम्बन्धहरु भन्दा पनि आन्तरिक खजानामा ध्यान दिएर आफूलाई सुधार्न सके मात्र साधक सफल हुन सक्छ । उहाँहरुको जीवनकालमा उहाँहरुका सर्म्पकमा आउने हरेक प्राणीले जसरी उहाँ प्रति व्यवहार गर्छन उनीहरुलाई त्यस्तै त्यस्तै अनुभव हुन्छ तसर्थ व्यक्ति पिच्छै सन्तहरुप्रति आ-आफ्ना अनुभव र अपधारणा हुन सक्छन तर गुरु निर्दिष्ट भक्ति पथमा अगि बढ्न हामीले उहाँहरुबाट के कति लाभ प्राप्त गर्न सक्यौ त्यो अति महत्त्वपूर्ण छ।

यो हिसावले हेर्ने हो पनि परमादरणीय बडी दिदीले अरु दुई जना बहिनीहरुलाई सँगसगैं डोऱ्याएर गुरु निर्दिष्ट भक्ति सिद्धान्त र साधनाको प्रचार प्रसार विकासको लागि जुन अथक प्रयास गर्नु भयो त्यो अवर्णनीय छ हाम्रो सोच समझ भन्दा धेरै पर छ । हाम्रा आदरणीय बडे



भैयाजीले दिदी प्रति आफ्नो भावना व्यक्त गर्दै उहाँलाई विशाखा सखीको रुपमा सहित जुन प्रशंसा गर्नुभयो र उहाँको उँचाई बताउनु भयो त्यो अकल्पनिय छ।

दिदी चाहे व्यक्तिगत रुपमा अथवा समूहमा जसले जे सुकै सुने सुनाए पनि उहाँले हमेशा हरिगुरु प्रति समर्पित भावले निष्ठावान सेवा गर्ने सल्लाह सुझाव हर हमेशा दिनु भयो। उहाँका हरेक वचनामृतमा **'समय बहुत कम है गुरुप्रति समर्पित भाव से सेवा करो, गुरु निर्दिष्ट साधना करते रहो'** भन्ने उपदेश अन्तिम समय सम्म दिनुभयो।

यस्ती हाम्री ममतमयी बडी दिदीले एउटा लीला नै रचाएर कतिपय साधकहरु पनि अनेकौं समयमा सडक दुर्घटनामा परेको झै २०२४ नवम्वर २४ तारिखका दिन श्री वृन्दावनधामबाट दिल्ली जाने क्रममा सडक दुर्घटनाको नियो पारेर भौतिक शरीर त्यागी गुरुधाम गमन गर्नुभयो, यस्ती भक्ति पथकी महानतम् विभूति प्रति हामी सदा सर्वदा ऋणी रहने छौं। उहाको सदा जय होस्।

**Always Remember**

**मन को सदा श्रीकृष्ण एवं उनके नाम, रूप, गुण, लीला धाम तथा स्वजन में ही रखना है।**

*One Should Constantly attach his mind to Shri Krishna, His names, His forms, His qualities, pastimes, divine abodes and His devotees.*

*–Jagadguru Shri Kripalu Ji Maharaj*



# आचरण

भगवान् श्रीकृष्णको आचरण या उनका जन (महापुरुष) को आचरण देख्दा मायिक झैं लाग्ने हुन्छन् तर ती दिव्य हुन्छन् । 'भक्ति शतक' ग्रन्थमा जगद्गुरु श्री कृपालु जी महाराजले भन्नुभएको छः-

*हरि हरि जनके आचरन, मायामय मत जान ।*
*उनके चरित अलौकिक, माया क्रिडा मान ।।*

भगवान् या महापुरुष जे पनि कार्य गर्छन् त्यो केवल लोककल्याण कै लागि नै भएको हुन्छ । महापुरुषले गरेका कार्य भगवान् स्वयं आफ्नो अन्तरङ्गा स्वरूपशक्तिद्वारा गर्नुहुन्छ । स्वरूपशक्तिको मतलब योगमायाशक्ति । योगमायाको तात्पर्य मायिक लाग्ने भएपनि अलौकिक ।

*भक्त हेतु भगवान् प्रभु राम धरेउ तनु भूप ।*
*किये चरित पावन परम प्राकृत नर अनुरूप ।।*

अतः देखिँदा प्राकृत भएपनि ती लीला परम पवित्र एवं दिव्य हुन्छन् ।

भगवान् स्वयं योगमायाशक्तिद्वारा नै सात्त्विक, राजस तथा तामस गुणयुक्त देखिने कार्यहरू गर्नुहुन्छ । रसिकजन यस्ता प्रकारका लीला-माधुरीको पान गरी सधैं मस्त भइरहन्छन् । उनीहरू आफ्नो मस्ति (दिव्यानन्द) सम्पूर्ण जीवात्माले पनि प्राप्त गरून् भनी विभिन्न पद तथा कीर्तनहरूको रचना गर्छन् र ती लीलारस त्यसमा भरिदिन्छन्। हामी केवल पिउने "प्यासी" बन्नु आवश्यक छ । यसमा नै जीवको (हाम्रो) कल्याण निहित हुन्छ ।



English Section

"Words of Wisdom

# Top Ten Reasons to love God

1.Because He gives without expecting anything from you.

Everyone expects something back from you, even if it is a thank you note, a hug or a smile. God is the only one who keeps giving without any expectation.

2. Because you have every possible relationship with Him.

In the world your mother is only your mother. She is not your father, brother, sister and child along with being your mother. God is mother, father, brother, sister, child and beloved. You are the spirit soul and you have each and every relationship with Him.

3.Because He is the only one who has always been with you.

Wherever the soul goes after leaving the physical body, God goes along as well. He never leaves you alone for even the tiniest moment.

4. Because He will always remain with you.

Countless family members have been with you and now you are separated from them. Even the most intimate worldly relationship comes to an end one day. God, however, has always been with you and will always be by your side.

5. Because He forgives your countless offences.

Even though His child has committed countless sins, God forgives everything if His child becomes truly repentant.

6. Because He is always looking at you without blinking.

What if He blinks and at that very moment you decide to surrender to Him? The moment you surrender, He has to destroy your ignorance, burn your uncountable actions, and give you unlimited knowledge. So, He never blinks.

7. Because He has been infinitely patient with you.

There is no end to His patience. Patiently He waits for you to run into His loving arms as you run in the opposite direction. But He waits and waits and waits. All because of love.

8.Because He is all-merciful.

The only thing He knows to do is to shower mercy on one and all. Even as He punishes His children, He does it to grace them.

*Source: Radha Madhav Society, Duluth.*

# परमादरणीय बडीदिदीको गोलोक गमनको झलकहरु
























शरदपूर्णिमा महोत्सव – श्री जगद्गुरुत्तम मन्दिर, हेटौंडा



शरदपूर्णिमा महोत्सव – श्यामा श्याम धाम, ठिमी



भाइटीका – श्री जगद्गुरुत्तम मन्दिर, हेटौंडा



भाइटीका – श्यामा श्याम धाम, ठिमी





श्री राधा माधव समिति नेपालद्वारा आवश्यक खाद्यान्न सामग्री सहयोग स्वरुप स-प्रेम अर्पण – मानव कल्याण समाज सेवा घर, झौखेल, भक्तपुर





जगद्गुरुत्तम महाप्रयाण दिवसको अवसरमा आयोजित साधु सेवा – श्यामा श्याम धाम, ठिमी





जगद्गुरुत्तम महाप्रयाण दिवसको अवसरमा आयोजित बटुक सेवा – श्री जगद्गुरुत्तम मन्दिर, हेटौंडा



श्री राधा माधव समिति, बिर्तामोडद्वारा आयोजित बटुक सेवा – बिर्तामोड




डिभाइन क्लब, नेपालद्वारा आयोजित गौ-सेवा – पाशुपतक्षेत्र, वनकाली





श्री राधा माधव समिति, पुतलीबजार, स्याङ्जाद्वारा आयोजित बटुक सेवा – पुतलीबजार, स्याङ्जा






श्यामा श्याम सत्संग, रामबजार, पोखराद्वारा आयोजित न्यानो कपडा वितरण – मानवसेवा आश्रम, बाबियातरा, पोखरा



श्री राधा माधव समिति, तुलसीपुरद्वारा आयोजित गौ सेवा – दाङ




श्री राधा माधव समिति, लुहामद्वारा आयोजित साधु सेवा – सल्यान





श्री राधा माधव समिति, गुल्मीद्वारा आयोजित साधु सेवा – तम्घास



श्री राधा माधव समिति, घोराहीद्वारा आयोजित गौ सेवा – दाङ



श्री राधा माधव समिति, पाल्पाद्वारा आयोजित गौ सेवा – पाल्पा






श्री राधा माधव समिति, बुटवलद्वारा भोजन प्रदान – मानव सेवा आश्रम, बुटवल





श्री राधा माधव समिति, दमकद्वारा आयोजित गौ सेवा - सताक्षीधाम, झापा





श्री राधा माधव समिति नेपालद्वारा न्यानो बस्त्र तथा आवश्यक सामग्री वितरण - मातातीर्थ बृद्धाश्रम, चन्द्रागिरी, काठमाण्डौ





श्री राधा माधव समिति गुल्मीद्वारा आयोजित गौ सेवा - रेसुङ्गा गौशाला, गुल्मी





दीपावली महोत्सव, श्यामा श्याम धाम, ठिमी

# देउसी भैलो कार्यक्रम



गोर्वधन पुजा, श्यामा श्याम धाम, ठिमी



श्री जगद्‌गुरुत्तम मन्दिर, हेटौंडा





काठमाण्डौ एवं भक्तपुर





हेटौंडा, मकवानपुर





पोखरा, कास्की




डिभाइन युथ क्लब नेपाल, हेटौंडाद्वारा आयोजित आध्यात्मिक भ्रमण कार्यक्रम – मकवानपुर




डिभाइन युथ क्लब नेपाल, कास्कीद्वारा आयोजित आध्यात्मिक भ्रमण कार्यक्रम – कास्की




डिभाइन युथ क्लब नेपाल, काठमाण्डौद्वारा आयोजित गौ सेवा – चाँगुनारायण, भक्तपुर




डिभाइन युथ क्लब नेपाल, तुलसीपुरद्वारा आयोजित मन्दिर सरसफाई कार्यक्रम – शिवालय मन्दिर, दाङ





भक्ति मन्दिर समुद्घाटन दिवस – श्यामा श्याम धाम, ठिमी





श्री राधा माधव समिति, जाजरकोटको ११औं वार्षिकोत्सवको अवसरमा आयोजित सत्संग कार्यक्रम – जाजरकोट





श्री राधा माधव समिति, लमहीको ७औं वार्षिकोत्सवको अवसरमा आयोजित सत्संग कार्यक्रम – दाङ






श्री राधा माधव समिति, फर्पिङको ७औं वार्षिकोत्सवको अवसरमा आयोजित सत्संग कार्यक्रम – काठमाण्डौ

# न्यानो कपडा वितरण कार्यक्रम





डिभाइन युथ क्लब नेपाल, काठमाण्डौद्वारा आयोजित न्यानो कपडा वितरण – श्री कटुञ्जे आधारभूत विद्यालय, सूर्यविनायक, भक्तपुर







डिभाइन युथ क्लब नेपाल, कैलालीद्वारा आयोजित न्यानो कपडा वितरण – श्री राष्ट्रिय तुलसीराम मा.वि., धनगढी





डिभाइन युथ क्लब नेपाल, घोराहीद्वारा आयोजित न्यानो कपडा वितरण – श्री प्राथमिक विद्यालय, दाङ





डिभाइन युथ क्लब नेपाल, कास्कीद्वारा आयोजित न्यानो कपडा वितरण – श्रीकृष्ण महादेव आधारभूत विद्यालय, कास्की





डिभाइन युथ क्लब नेपाल, पुतलीबजारद्वारा आयोजित न्यानो कपडा वितरण – श्री सरस्वती मा.वि., स्याङ्जा





डिभाइन युथ क्लब नेपाल, कैलालीद्वारा आयोजित न्यानो कपडा वितरण – श्री गोदावरी संस्कृत विद्यापीठ, कैलाली






डिभाइन युथ क्लब नेपाल, बैतडीद्वारा आयोजित न्यानो कपडा वितरण – जगदम्बा मा. वि., बैतडी







Science of Complete Happiness (SOCH) program - Shyama Shyam Dham, Thimi

